# चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको
# बाल-विवाह अन्त्यका लागि ३ वर्षे रणनीतिक योजना, २०८०

## बिषय सुची


१. पृष्ठभूमि ........ ४
२. अन्तर्राष्ट्रिय प्रतिवद्धता ........ ५
३. दिगो विकास लक्ष्य र बाल-विवाह नियन्त्रण ........ ६
४. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था ........ ७
५. चन्द्रपुर नगरपालिकाको वर्तमान सन्दर्भ ........ ११
६. रणनीतिक कार्ययोजनाको औचित्य ........ १४
७. रणनीतिक कार्ययोजनाका सिद्धान्तहरु ........ १६
८. दूरदृष्टि ........ १७
९. ध्येय ........ १७
१०. लक्ष्य ........ १७
११. उद्देश्य ........ १७
१२. रणनीति तथा कार्यनीति ........ १८
१३. कार्ययोजना तथा श्रोत व्यवस्थापन ........ २२
१४. अनुगमन तथा मूल्याङ्कन ........ २३
१५. संस्थागत संरचना ........ २४
१५. सहकार्य तथा समन्वय ........ २४
१६. सहकार्य तथा समन्वय ........ २४
१७. जोखिम तथा न्यूनीकरण ........ २५
१८. कार्ययोजना ........ २७
अनुसूची १- बाल-विवाह अन्त्यका लागि रणनीतिक योजना निर्माणका लागि अन्तरक्रिया कार्यक्रमका क्रममा चन्द्रपुर नगरपालिकामा उपस्थित भएका महानुभावहरूको नामावली ........ ४२
अनुसूची २- बाल-विवाह अन्त्यका लागि रणनीतिक योजना निर्माणका लागि अन्तरक्रिया कार्यक्रमका लिएका फोटाहरु ........ ४३

## चन्द्रपुर नगरपालिकाको बाल-विवाह अन्त्यका लागि ३ वर्षे रणनीतिक योजना, २०८०

### १. पृष्ठभूमि

संयुक्त राष्ट्र संघको परिभाषा अनुसार बाल-विवाह भन्नाले बालिका वा बालक दुबै वा एकले १८ वर्ष नपुग्दै औपचारिक रूपमा विवाह गरेको अवस्था वा अनौपचारिक रूपमा श्रीमान/श्रीमती जस्तै गरी एकसाथ रहेको (living together) अवस्था भन्ने बुझिन्छ। बाल्यकाल मानव जीवनको सबैभन्दा संवेदनशील र महत्वपूर्ण अवस्था भएको हुँदा बालबालिकाको हेरचाह र संरक्षणमा परिवार, समुदाय र राज्यले विशेष ध्यान दिन जरूरी छ। तर समाजमा बालबालिकाको हित विरूद्ध बाल-विवाह जस्तो हानिकारक अभ्यासले प्रश्रय पाइरहेको छ। वास्तवमा बाल-विवाह विश्वका सबै महादेश र मुलुकमा विद्यमान एक जटिल अन्तर्राष्ट्रिय समस्या हो। विश्वभरी प्रत्येक वर्ष १ करोड २० लाख बालिकाहरूको १८ वर्षको उमेर नहुँदै विवाह हुने गरेको छ (UNICEF)। यो भनेको प्रत्येक ५ मा १ बालिकाको १८ औं जन्मदिन मनाउन नपाउँदै विवाह बन्धनमा बाँधिनु पर्ने अवस्था हो। यसप्रकार प्रत्येक १ मिनेटमा २३ वा प्रत्येक ३ सेकेण्डमा १ बालिकाको बाल-विवाह हुने गरेको छ।

बाल-विवाहका कारण बालअधिकारको गम्भीर उल्लंघन हुन्छ भने यसले बालापनलाई निर्मम तरिकाले कटौती गर्छ। शारीरिक र भावनात्मक परिपक्वता हासिल नहुँदै विवाह बन्धनमा बाँधिनु पर्दा बालिका -आमा र उनका सन्तानको स्वास्थ्य प्रतिकूलता, न्यून पोषण र अकाल मृत्युले प्रश्रय पाइरहेको छ। बाल-विवाहले बालबालिकाको विकास अवरूद्ध पार्नुका साथै मुलुकहरूलाई न्यून पोषण, प्रतिकूल यौन तथा प्रजनन् स्वास्थ्य परिणाम, उच्च जन्म तथा मातृ-शिशु मृत्यू दर, न्यून शैक्षिक स्तर, औपचारिक श्रम बजारमा महिलाहरूको न्यून सहभागिता, आर्थिक उत्पादकत्वमा कमी, बहुविवाह, घरेलु तथा लैङ्गिक हिंसाका दुष्पपरिणामहरू भोग्न बाध्य बाध्य बनाएको छ। यसप्रकार बाल-विवाहको प्रचुरताले गर्दा खासगरी विकासोन्मूख राष्ट्रहरूको समग्र सामाजिक–आर्थिक विकासको गति पछाडी धकेलिएको छ भने गरीबी निवारण चुनौतीको विषय बनेको छ। बाल-विवाहसम्बन्धी एक अध्ययनले यो समस्याका कारण विकासशील राष्ट्रहरूका निम्ति दिगो विकास लक्ष्य पूरा गर्ने समय सन् २०३० सम्म पुग्न खरबौं डलरको आर्थिक मूल्य चुकाउनुपर्ने अवस्था रहेको देखाएको छ।

विगतमा अन्तर्राष्ट्रिय समुदायले बाल-विवाहका कारक तत्वहरूको अध्ययन विश्लेषण, बालविवाह विरूद्ध सचेतना र पैरवी, नीति, कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग र यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गरिरहेकोमा सन् २०३० सम्ममा यसको अन्त्य गर्ने प्रतिवद्धता जनाएको छ। दिगो विकास लक्ष्य नं ५ हासिल गर्न बाल-विवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह लगायत सबै प्रकारका हानिकारक अभ्यासहरूको अन्त्य अपरिहार्य छ।

नेपाल बाल-विवाह सबैभन्दा धेरै हुने मुलुकहरूको सूचीमा १६ औं स्थानमा रहेको "बालिका दुलही होइनन्" नामक एक अध्ययनले देखाएको छ। सो अध्ययन प्रतिवेदनअनुसार नेपालमा बाल-विवाहको दर ४०% रहेको छ। यो दर दक्षिण एशियामा बंगलादेश (५९%) पछि दोश्रो हो भने छिमेकी राष्ट्र भारत (२७%) भन्दा अगाडी रहेको अवस्था हो।[1] UNICEF को प्रतिवेदन अनुसार नेपालमा ५० लाख बालिका-दुलहीहरू छन्। तिनिहरूमध्ये १३ लाखको १५ वर्ष नपुग्दै विवाह भएको छ (UNICEF Global Database 2020)। उक्त प्रतिवेदनअनुसार २० देखि २४ उमेर

[1] https://atlas.girlsnotbrides.org/map/

समूहका ४०% महिलाको १८ वर्ष नपुग्दै र ७% महिलाको १५ वर्ष नपुग्दै विवाह भएको अवस्था छ (NDHS 2016)। बालकको हकमा यो दर १०% छ र बालिकाको तुलनामा बालकहरूको बाल-विवाह दर न्यून देखिए तापनि विश्वव्यापी रूपमा बालकको विवाह बढी हुने १० वटा मुलुभित्र नेपाल पनि पर्दछ।[2] विगतको तुलनामा मुलुकमा बाल-विवाहको दर क्रमिक रूपमा घट्दै गइरहेको भए तापनि यसको गति ज्यादै ढिलो रहेको भनी सो अध्ययनले औल्याएको छ।[3]

नेपालमा बाल-विवाह धेरै हुने जिल्लाहरूमध्ये रौतहट पनि एक हो। नेपालको कानूनले २० बर्ष भन्दा कम उमेरको विवाहलाई निषेध गरेको छ। नेपाल सरकारले सन् २०३० सम्ममा बाल-विवाह अन्त्य गर्ने प्रतिवद्धता सहित राष्ट्रिय रणनीति निर्माण गरेको छ। मधेस प्रदेश सरकारले प्रदेशलाई बाल-विवाह मुक्त बनाउने उद्देश्यले रणनीति स्वीकृत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का आधारमा रणनीतिक योजना बनाईएको छ।

## २. अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपाल बालअधिकारसम्बन्धी महासन्धि (CRC), १९८९ महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्नेसम्बन्धी महासन्धि (CEDAW), १९७९ नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICCPR), १९६६आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (ICESCR), १९६६ यातना विरूद्धको महासन्धि (CAT), १९८४ लगायत विभिन्न मानवअधिकारसम्बन्धी महासन्धिहरूको पक्षराष्ट्र हो। साथै नेपाल दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रिय व्यवस्था सम्बन्धी सार्क महासन्धी २००२ को पक्ष राष्ट्र पनि बनेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि-सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो।[4]

नेपालले जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना (Program of Action adopted at the International Conference on Population and Development), १९९४ चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Declaration and Platform for Action) लगायत विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा लैङ्गिक समानता कायम गर्ने, महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने र बालअधिकारलाई प्रबर्द्धन गर्ने प्रतिवद्धता जनाएको छ।

सन् २०१३ मा बाल-विवाह, कम उमेरमा हुने विवाह तथा जवरजस्ती विवाहसम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह–प्रायोजन गरी बाल-विवाहविरूद्ध प्रतिवद्धता जाहेर गर्नुका साथै सन् २०१४ मा बेलायतमा सम्पन्न उच्चस्तरीय शिखर सम्मेलनमा सन् २०२० सम्ममा मुलुकबाट बाल-विवाह अन्त्य गर्ने प्रतिबद्धता पनि जाहेर गरेको छ। दक्षिण एसियामा “बालबालिका माथि हुने हिंसाविरूद्धको दक्षिण एशियाली पहल” (SAIEVAC) ले अघि सारेको “बाल-विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५—

[2] https://www.unicef.org/nepal/press-releases/nepal-among-top-10-countries-prevalence-child-marriage-among-boys-unicef
[3] https://atlas.girlsnotbrides.org/map/
[4] नेपालको संविधान २०७२ को धारा ५१ (ख) (२) ।

२०१८)  मा पनि राष्ट्रिय संयन्त्रमार्फत बाल-विवाहविरूद्ध अभियान केन्द्रित गर्नेबारे प्रतिवद्धता जनाएको छ। यसका अतिरिक्त नेपालको नेतृत्वमा २०१४ नोभेम्बरमा सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट बाल-विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान” पारित गरिएको छ।

नेपालमा बाल-विवाह नियन्त्रणका लागि विगतदेखि नै विभिन्न प्रयासहरू जारी छन्। पछिल्ला वर्षहरूमा सो प्रयासलाई थप तीब्र पारिएको सन्दर्भमा UNICEF को एक प्रतिवेदनले तीन प्रकारको प्रक्षेपण गरेको छ।

(क) विगत २५ वर्षकै गतिमा प्रयास गरिएमा बाल-विवाहको दर सन् २०३० सम्ममा ३५% र सन् २०५० सम्ममा २५% मा झार्न सकिने

(ख) विगत १० वर्षको गतिमा प्रयास गरिएमा यो दरलाई २०३० सम्ममा २७% र सन् २०५० सम्ममा १६% मा झार्न सकिने

(ग) अत्यन्त द्रुत गतिमा प्रयास गरिएमा उक्त दरलाई २०३० सम्ममा १८% र सन् २०५० सम्ममा ६% मा झार्न सकिने छ।

## ३. दिगो विकास लक्ष्य र बाल-विवाह नियन्त्रण

विश्वव्यापी स्तरमा बाल-विवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDG) को प्राप्तिका लागि एक बाधकको रूपमा पहिचान गरी दिगो विकास लक्ष्य (SDG) को कार्यसूची (२०१६–२०३०) मा समावेश गरिएकोमा नेपालले बाल-विवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरेको छ।[5] दिगो विकास लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउनेमा परिमाणात्मक लक्ष्य ५:३ अन्तर्गत सबै प्रकारका हानिकारक प्रचलनहरू जस्तै बालविवाह, कम उमेर र जबरजस्ती विवाह एवं महिला जनेन्द्रिय अङ्गभङ्ग गर्ने कार्यको अन्त्य गर्ने भनी उल्लेख गरिएको छ। बाल-विवाह समानता र विकासको प्रमुख वाधकको रूपमा रहेको कुरालाई महशुस गरी बा लविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाहका साथै महिलाविरूद्धका हानिकारक प्रथाहरूको अन्त्य गर्ने विषयमा अन्य मुलुकहरूले झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू तयार पारेको छ। सो सूचक अनुसार नेपालले विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ बर्षका उमेरका महिलाहरूको प्रतिशत सन् २०१५ मा २४.५ रहेकोमा सो प्रतिशतलाई २०१९, २०२२, २०२५ र २०३० मा घटाई क्रमश १८.०, १२.१, ८.२ र ४.१ मा झार्ने लक्ष्य राखेको छ।

नेपाल सरकार राष्ट्रिय योजना आयोगद्धारा तयार पारिएको दिगो विकास लक्ष्य स्थानीयकरण श्रोत पुस्तिकामा उल्लेख भएअनुसार लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त्त बनाउनेमा संघ र प्रदेश तहका सरकारका साथै स्थानीय तहको भूमिका अझ विशेष महत्वपूर्ण हुनेबारे उल्लेख गरिएको छ। यसका साथै स्थानीय तहलाई बाल-विवाह लगायत लैङ्गिक हिंसा निवारण गर्न निरोधात्मक, प्रवर्द्धनात्मक एवं सुरक्षात्मक उपायहरू अपनाउने र सुधार गृहहरू (सुरक्षित घरहरू) उपलब्ध गराउने कार्यको जिम्मेवारी दिइएको छ।

---

5 National Planning Commission, *Sustainable Development Goals Status and Roadmap: 2016-2030,* Singh Durbar, Kathmandu

## ४. राष्ट्रिय नीति तथा कानूनी व्यवस्था

### *बालबालिका सम्बन्धी राष्ट्रिय नीति*

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बाल-विवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रूपमा पहिचान गरेको छ। सो नीतिको रणनीति नं. ८.९ मा बाल-विवाह रोक्न सरकारी र विकास साझेदारहरूको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरूलाई परिचालन गर्ने, बाल-विवाहविरूद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल-विवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिने भनिएको छ। यसैगरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बाल-विवाह विरूद्ध चेतना जागरण कार्यक्रम सञ्चालन गर्न र नगरस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

### *बाल-विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति*

बालमैत्री एवं लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुर्‍याउने परिकल्पना गर्दै बाल-विवाहमुक्त वातावरणमा बालबालिकाको अधिकारको सुनिश्चितता गर्ने ध्येय र सन् २०३० सम्ममा नेपालमा बाल-विवाह अन्त्य गर्ने लक्ष्यका साथ नेपाल सरकारले बाल-विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ तयार पारेको छ। राष्ट्रिय रणनीतिले बाल-विवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन र आवश्यकतानुसार कानूनको संशोधन एवं परिमार्जन गर्ने आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल-विवाहविरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने; बाल-विवाहविरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्वत गर्ने बाल-विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोरकिशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ-संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने; बालबालिका बिशेषतः बाल-विवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगका लागि सामना गर्नु पर्ने कठिनाई तथा चुनौतीहरू सम्बोधन गरी समतामूलक पहुँच सुनिश्चित गर्ने, बाल-विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने र नेपाल सरकार तथा विकास साझेदारहरूको सहकार्यमा बाल-विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने भनी उद्देश्य राखेको छ।

यसका साथै राष्ट्रिय रणनीतिले बाल-विवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्त (Theory of Change) मा आधारित भई बालिका र किशोरीको सशक्तीकरण गर्ने; बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने बालक,  किशोर तथा पुरुषहरूको सहभागिता प्रवर्द्धन गर्ने,  परिवार र समुदायको परिचालन गर्ने; बाल-विवाहको जोखिममा रहेका र बाल-विवाहबाट प्रभावितहरुलाई सेवा प्रवाह गर्ने एवं कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन गर्ने जस्ता रणनीति समावेश भएका छन्।

### *बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका*

वि.सं. २०६५ देखि नै साविकका केही नगरपालिका र गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकोमा त्यस प्रकारका कार्यक्रमहरूबीच एकरूपता र सामञ्जस्यता कायम गर्नुका साथै स्थानीय शासन प्रक्रियामा बालअधिकार सम्बन्धी सवाललाई मूलप्रवाहीकरण गरी बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न बालमैत्री स्थानीय शासनः राष्ट्रीय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कायान्र्वयन कार्यविधि, २०६८ कार्यान्वयन भएको थियो। सोही बमोजिम साविकमा स्थानिय निकायको समन्वय र सहकार्यमा बालअधिकार प्रवर्द्धनका लागि बालक्लव तथा बालसञ्जालको गठन तथा परिचालन, क्षमता विकास, स्थानीय तहको योजना तर्जुमामा बाल सहभागीता, बालमैत्री पूर्वाधारको विकास एवम् सचेतीकरण लगायतका उपलब्धीहरू हासिल भएका छन् । राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संबैधानिक जिम्मेवारी र नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई साकार पार्न र पन्ध्रौ योजनाको लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्नमा सहयोग पुर्याउने हेतुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तयार पारेको छ। सो निर्देशिकाको अनुसूची ३ मा बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू ५१ वटामध्ये नं. १७ मा स्थानीय तह बाल-विवाह मुक्त भएको हुने छ भनी उल्लेख गरिएको छ भने घोषणा गर्ने न्यूनतम अङ्क शतप्रतिशत हुनु पर्ने भनी निर्धारण गरिएको छ।

### *आवधिक योजना*

पन्ध्रौं योजना (२०६७/७७–२०८०/८१) ले नेपाली समाजमा बाल-विवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसारपसार, शिक्षाको कमी आदि समस्याको रूपमा रहेको कुरालाई स्वीकार गर्दै बाल-विवाह, बाल श्रम, बाल बालबालिकाविरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैरकानूनी ओसारपसार लगायत बालबालिका सम्बन्धी कानूनी प्रावधानका विषय र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ भनी कार्यनीतिमा उल्लेख गरेको छ। त्यसैगरी मानवअधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८/—२०८१/८२) ले बाल-विवाह अन्त्यसम्बन्धी राष्ट्रिय रणनीति २०७२) को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा जोड दिनुका साथै विगतमा कार्यान्वयन गरिएका विभिन्न राष्ट्रिय कार्ययोजनाहरूमा पनि बाल-विवाह नियन्त्रणका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू समावेश गरिएका छन्।

### *कानूनहरू*

बाल-विवाह लैङ्गिक समानता, वयक्तिक स्वतन्त्रता तथा आत्मसम्मानमा चुनौतिको रूपमा रहेको यथार्थलाई स्वीकार गर्दै यसको उन्मूलनका लागि नेपाल सरकारले देहायअनुसार संविधान लगायत विभिन्न कानूनमा व्यवस्था गरेको छ ।

**(क) नेपालको संविधान** नेपालको संविधानको धारा ३८ को उपधारा (३) मा महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक सुनिश्चित गरी त्यस्तो कार्य दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको समेत मौलिक हकको रूपमा व्यवस्था गरेको छ। बाल-विवाहले बालक र बालिका दुवैलाई हानी पु¥याउने भए तापनि हाम्रो जस्तो पुरूष प्रधान समाजमा आर्थिक, सामाजिक, शैक्षिक तथा वृत्ति

विकाससम्बन्धी अवसरबाट महिलाहरू बढी नकारात्मक तरिकाले प्रभाव पार्ने हुँदा यसलाई महिलाविरूद्धको हिंसाको रूपमा पनि लिइन्छ।

त्यसै गरि संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था भएको छ। सो अन्तर्गत उपधारा (५) मा कुनै पनि बालबालिकालाई बाल-विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न तथा बन्धक बनाउने विरूद्धको मौलिक हक प्रत्याभूत गरेको छ। त्यसैगरी सोही उपधारा (१०) मा उपधारा (५) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ।

**(ख) मुलुकी अपराध संहिता:** वि.सं. २०७५ भदौं १ गतेदेखि लागू भएको मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० बर्ष नपुगी कसैले विवाह गर्न वा गराउन नहुने, त्यस्तो विवाह गराएमा स्वतः बदर हुने र त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रूपैंयासम्म जरिवाना हुने व्यवस्था गरेकोछ।[6] साथै सो संहिताको करणी सम्बन्धी कसूर अन्तगर्त १८ वर्ष भन्दा कम उमेरको बालिकालाई मन्जुरी लिएर करणी गरेको अवस्थामा समेत जबरजस्ती करणीको कसूर हुने र त्यस्तो कसूर गरेकोमा बालिकाको उमेरको अवस्था हेरी कम्तीमा दश वर्ष र अधिकतम जन्मकैदको सजाय र जरिवाना समेत हुने गरी जघन्य अपराधको रूपमा व्यवस्था गरिएको छ। यसप्रकार १८ वर्ष मुनिको बालिकासँग बालविवाह गरी कायम गरिएको यौन सम्पर्क पनि कसूर ठहर हुने भई विवाह गर्ने र यौन सम्बन्ध कायम गर्ने व्यक्तिलाई समेत कठोर सजाय हुने व्यवस्था छ। सर्वोच्च अदालतबाट बालविवाहलाई बैध विवाह नमानिने र करणी लिनु दिनु कार्य कानूनसम्मत नभई जबरजस्ती करणी मानिने भनि सिद्धान्त समेत प्रतिपादन भएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले बालविवाह सम्बन्धी कसूरलाई नेपाल सरकारवादी भई मुद्दा अनुसन्धान तथा दायर गर्ने व्यवस्था गरेको छ।

**(ग) मुलुकी देवानी संहिता:** वि.सं. २०७५ भदौं १ गतेदखि लागू भएको मुलुकी देवानी संहिताको दफा ६७ मा कुनै पुरूष वा महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने छ भनी व्यवस्था गरेको पाइन्छ। सो संहिताले विवाहको लागि पुरूष वा महिलाको कम्तीमा बीस वर्ष उमेर पूरा भएको हुनु पर्ने, त्यस्तो उमेर नपुगेकाबीचमा विवाह गर्न वा गराउन नहुने र यदि विवाह गरेमा स्वत बदर हुने व्यवस्था गरेकोछ।[7]

**(घ) बालबालिका सम्बन्धी ऐन:** बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६ को उपदफा (२) (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गरेमा बालबालिका विरूद्धको हिंसा गरेको ठहर्छ भनी व्यवस्था गरेको छ। यस ऐनको दफा ३ ले प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हक सुनिश्चित गरेको छ। साथै सो ऐनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नु पर्ने समेत व्यवस्था गरेको छ।

---

[6] मुलुकी फौजदारी संहिता, २०७४ दफा १७३ ।

[7] मुलुकी देवानी संहिता, २०७४ दफा ७०, ७१ र ७२ ।

**(ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन:** राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ मा पञ्जिकाधिकारी समक्ष विवाह दर्ता गराउँदा स्वतः वदर हुने विवाह लगायतका व्यक्तिगत घटना दर्ता गरी प्रमाणपत्र दिन नहुने, त्यस्तो घटना दर्ता गर्न ल्याएमा प्रचलित कानून बमोजिम कारबाही गर्ने निकाय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरेको छ।

**(च) स्थानीय सरकार सञ्चालन ऐन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हानिकारक प्रथा तथा परम्परा जस्तै बाल-विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी स्थानीय सरकार र विशेष गरी वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत समावेश गरेको छ। अत: बाल-विवाह विरूद्धको रणनीति, कार्ययोजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु स्थानीय सरकारको जिम्मेवारी हो।

**छ) वालविवाह सम्बन्धि राष्टिय रणनीति २०७२-** नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६—२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघनको कारकतत्वको रुपमा रहेको बाल विवाह को रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने व्यवस्था रहेको छ । प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक–आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्ने व्यवस्था साथै बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चितताको ध्यान दिनुपर्ने व्यवस्था गरीएको छ ।

**ज) वालविवाह बिरुद्ध मधेश प्रदेशको १० वर्षे रणनीतिक योजना – २०७७/७८—२०८६/८७**

बालविवाह अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै प्रदेश र स्थानीय तहको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको छ । मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा पनि बेटी पढाऊ, बेटी बचाऊ अभियानलाई सारभूत रुपमा योगदान गर्नका रणनीतिको महत्वपूर्ण योगदान रहने व्यवस्था छ । समतामूलक एवम् समावेशीकरणको सोच, पद्धति, दृष्टिकोण र व्यवहारबाट आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका परिवारका, जोखिम अवस्थामा रहेका, न्यूनतम सुविधाहरु तथा आधारभूत अधिकारबाट बञ्चित भएका, बालविवाह, भेदभाव, दूव्यवहार, शोषण तथा हिंशा पीडित वा त्यस्तो जोखिममा रहेका बालबालिकाका हक अधिकार सुनिश्चित गर्ने र उनीहरुलाई अधिकतम् अवसर उपलब्ध गराउने व्यवस्था गरीएको छ ।

## ५. चन्द्रपुर नगरपालिकाको वर्तमान सन्दर्भ

चन्द्रपुर नगरपालिका साविकको पाँच वटा गाविसहरु चन्द्रनिगाहपुर, पौराई, जुडिबेला, सन्तपुर(म) र डुमरिया(म)मिलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिती २०७०।०१।०१ को निर्णय अनुसार घोषण गरिएको हो । पुर्वमा बाग्मति नदी र पश्चिममा धन्सार खोला, उत्तरमा चुरे लेक र त्यो माथि रहेको मकवानपुर जिल्ला तथा दक्षिणमा वृन्दावन, गुजरा र गरुडा नगरपालिका रहेका छन् । यो नगरपालिका रौतहट जिल्लाकै जनसंख्या र क्षेत्रफलको आधारमा ठुलो नगरपालिका हो । चन्द्रसमशेर प्रधानमन्त्रि हुदाँ बस्नको लागि निगहा (बक्सनु/दिनु)

भएकाले यसको नाम चन्द्रनिगाहपुर रहन गएको भन्ने भनाई रहेको छ। त्यतिबेला राणाहरु तराई तीर सिकार खेल्न भर्दा यस क्षेत्रमा बस्ने गरेको पाईन्छ। जंग बहादुर तत्कालिन भिक्षाखोरी हालको अमलेखगञ्ज हुदै सिकार खेल्ने गरेको पाईन्छ। यस क्षेत्रमा २००७ सालको क्रान्ति पछि व्यापका रुपमा वन फँडानी भई मानव बस्ति बस्न थालेको पाईन्छ। यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन्भने क्षेत्रफल २४९.६ वर्ग किमी रहेको छ। वि.सं. २०७८ को जनगणना अनुसार १६८२० घरघुरी रहेकोमा पुरुष जनसंख्या ४०,३०४ र महिलाको जनसंख्या ४१,५०३ गरी जम्मा जनसंख्या ८१८०७ रहेको छ। यस पालिकामा बालकको संख्या १६,१३७ र बालिकाको संख्या १५,५११ गरी जम्मा ३१,६४८ रहेको छ।

चन्द्रपुर नगरपालिकाभित्र् बाल विवाह हुनु पनि एउटा प्रमुख समस्याको रुपमा रहेको छ। पितृसतात्मक सोच ( छोरीहरुले घरायसी काम गर्ने हो र त्यसको लागि शिक्षा आवश्यक छैन भन्ने सोच हुनु, छोरीले घरबाहिर जान हुन्न , महिलाहरु अरुमा निर्भर हुनु ), घरमा शिक्षित व्यक्तिको कमी हुनु, बेरोजगारी, उत्पादनको कमी र दाईजोका कारणहरुले गर्दा बालबविवाह भइरहेको छ।

छोरी संस्थाले गरेको बालबालिकाको अवस्था विश्लेषण ऋच्क्ब् प्रतिवेदनका अनुसार नगरपालिकाको ९ र १० वडामा गरीएको सर्वेक्षणमा सहभागि ११३ जना बालबालिकाका अनुसार १०० मा ८२ प्रतिशत बालबालिकाहरुले वालविवाहको जोखिममा पर्न सक्ने वताएका छन। सो प्रतिवेदनका अनुसार दलित, मधेशि तथा मुस्लिम समुदायमा अभिभावकहरुले वालविवाह गरीदिने अवस्था अन्यको तुलनामा बढी रहेको छ भने बालबालिका आफैले विवाह गर्नेमा सबै जातजाति तथा भूगोलमा हुने गरेको पाइएको छ। सामाजिक संजालको दुरुपयोग र यससम्बन्धी कसुरमा सजाय नहुनु, राजनीतिक तथा समुदायको अगुवाहरुको संरक्षण हुनु कारणहरुले गर्दा वालविवाह न्यूनिकरणमा सुधार हुन सकिरहेको छैन।

त्यसैगरी समुदायमा बाल-विवाहबारे उजूरी गर्नु भन्दा लुकाउनमा सहयोग गर्नु र आँखा चिम्लनु, अधिकांश बाल-विवाहका घटनाहरूमा कानूनी कारवाही हुनुभन्दा मेलमिलापमा टुङ्गिनु, २० वर्षसम्म कुर्नु पर्दा छोरीको विवाह गर्ने उमेर ढल्किन्छ भन्ने अभिभावकको सोच रहनु वालश्रमिक वालवालिकाहरुमा वालविवाह गर्ने दर बढी रहेको , विध्यालय बाहिर रहेका बालबालिका, लागुपदार्थ दुव्र्यसनीमा परेका बालबालिका, अभिभावक बिहिन वा अभिभावक भएर पनि संरक्षण नपाएका बालबालिका, आदिका कारण बाल-विवाहले सामाजिक मान्यता पाइरहेको भन्ने यो रणनीतिक योजना बनाउने क्रममा छलफलका सहभागीहरूले उल्लेख गरेका छन्। साथै हालैका वर्षहरूमा अभिभावकको सहमतिमा हुने बालविवाहको दर भन्दा आफूखुशी वा प्रेम विवाहका कारण हुने बाल-विवाहको दर उच्च रहेको पनि छलफलका सहभागीबाट जानकारी प्राप्त भएको छ। प्राप्त जानकारी अनुसार नगरपालिका क्षेत्रमा बाल-विवाह गर्ने बालबालिकाको औसत उमेर १४ -२० बर्ष उमेर समूह रहेको, छ। नगरपालिकामा बाल-विवाहको स्थितिबारे एकिन तथ्यांक र विश्लेषणको अभाव छ। साथै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक श्री महेन्द्र कुमार श्रेष्ठका अनुसार आ.व २०७९/०८० मा जिल्लामा वालविवाहको उजुरीको संख्या शून्य रहेको जानकारी दिनुभयो। वहाँका अनुसार उजुरी नपरेता पनि सूचनाको आधारमा वालविवाह रोकथामको कार्यहरु भएको र कतिपय अवस्थामा वालविवाहको घटनालाई कानुनी उपचार भन्दा पनि मेलमिलाप हुने गरेको अवस्थाले गर्दा वालविवाहको तथ्याकमा नदेखिएको तर जिल्लामा वालविवाहको अवस्था उल्लेख्य मात्रामा रहेको बताउनुभयो।

रणनीतिक कार्ययोजना तयारीको क्रममा २०८० पौष १३ गते सम्पन्न छलफल, कार्यशालामा चन्द्रपुर नगरपालिकामा बाल-विवाह अन्त्यका लागि देखिएका सवल पक्ष, समस्या, अवसर र चुनौतीहरू निम्नानुसार छन् ।

| ***सवलपक्ष*** | ***समस्या*** |
|---|---|
| • चन्द्रपुर नगरपालिकामा वालसंरक्षण संम्बद्र्धन कार्यविधि, बालसंरक्षण नीति, बालबालिका आचारसंहिता, सामाजिक समावेशिकरण रणनीति, कार्यस्थलमा हुने यौनहिंसा न्यूनिकरण सम्बन्धि कार्यविधि,<br>• नगर तथा वडास्तरीय बालअधिकार समिति गठन तथा कार्यान्वयन, बालकोषको व्यवस्था, वालकल्याण अधिकारीको व्यवस्था, समाजसेवि तथा बालमनोविज्ञ र मनोविमर्शकर्ताको सूचिकृत,<br>• वालक्लवहरु गठन र परिचालन, रुपान्तरण कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रम, बालबालिकाको घटना व्यवस्थापन तथा पुनर्मिलन कार्यक्रम,<br>• विशेष परिस्थितिमा रहेका बालबालिका हरुलाई विध्यालय सहयोग कार्यक्रम,<br>• बालसंरक्षण सम्बन्धि कार्यक्रम अभिभावक हरुलाई सचेतना सम्बन्धि कार्यक्रम,<br>• किशोरी प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रम,<br>• घटना व्यवस्थापनको लागि सेवाप्रदायकहरु र कार्यक्षेत्रको ़ पहिचान तथा कार्यसूचि तयार गरी कार्यान्वयनमा भएको,<br>• सामूदायिक तथा संस्थागत विध्यालयहरुमा नि: शुल्क सेनिटरी प्याडको व्यवस्था, सामूदायिक मा.विहरुमा विध्यालय नसिंगको व्यवस्था, | • बालबालिकामा विद्यालयको पढाई बीचैमा छाड्ने प्रबृत्ति<br>• विद्यालयमा यौन तथा प्रजनन् स्वास्थ्यको गुणस्तरीय शिक्षाको अभाव<br>• बाल-श्रम कायम रहनु<br>• बालबालिकामा लागू/नशालू पदार्थ सेवन गर्ने बानीको विकास<br>• अभिभावकहरूमा मादक पदार्थको दुरूपयोग,<br>• घरेलु हिंसा, महिला हिंसा, दाइजोप्रथा, गर्भपतन, बहुविवाह, सम्बन्ध विच्छेद् र आत्महत्याका घटनाहरूमा बृद्धि<br>• बढ्दो घरेलु हिंसा, सम्बन्ध विच्छेद, पारिवारिक विखण्डनका कारण बालबालिकाहरूमा घर छाड्ने, बालश्रममा संलग्न हुने र बाल-विवाह गर्ने समस्या<br>• अशिक्षा, गरीबी, बेरोजगारी<br>• लैङ्गिक हिंसा र बाल बिवाहको बारेमा नगरपालिका स्तरिय खण्डिकृत तथ्याङ्क संकलन हुन नसकेको<br>• मानवीय विकासमा भन्दा पूर्वाधार विकासमा प्राथमिकता<br>• लैङ्गिक बजेट पद्धति पूर्ण रूपमा अवलम्वन हुन नसक्नु। |

| | |
|---|---|
| • गैरसरकारी संस्थाहरु र सरोकारवालासंगको सहकार्यमा जनचेतनामुलक लगायत विविध कार्यक्रमहरु संचालन । | |
| ***अवसर*** | ***चुनौती*** |
| • मिश्रित समुदाय र अन्तरसम्बन्ध<br>• बाल-विवाहविरूद्ध नगरपालिका, सरकारी कार्यालय, गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरूको सक्रियतामा सचेतना अभिबृद्धि र आयआर्जनका क्रियाकलाप सञ्चालन<br>• नयां राजनैतिक परिवेश, नया संरचना, नया म्यानडेट र बजेट अनुसार उद्देश्यमूलक काम गर्न सकिने वातावरण<br>• बाल बिवाह सम्बन्धी परम्परागत सामाजिक अभ्यास र मूल्यमान्यतालाई परिवर्तन गर्ने चाहना<br>• दिगो विकास लक्ष्य, २०३० र नेपाल सरकारको मार्गचित्र (Roadmap) सँग मिलान गर्ने अवसर ।<br>• जागरुक प्रतिनिधि तथा कर्मचारीहरु<br>• स्रोत साधनको उपलब्धता<br>• वालक्लव तथा किशोर किशोरीहरु समूहको सक्रियता<br>• विध्यालयको संख्या बढी हुनु<br>• आधिकारीक निकायहरुको भौगोलिक दृष्टिकोणले सहज पहुँच रहेको<br>• बालअधिकार समितिका पदाधिकारीहरुको सक्रियता | • आप्रवासन/बैदेशिक रोजगारले निम्त्याएको पfरिवारिक विखण्डन<br>• कमजोर पारिवारिक संरक्षण प्रणाली<br>• लैङ्गिक भूमिकामा आधारित कामको बाँडफाँड र बालिका र महिलामाथि घरेलु कामको अत्यधिक बोझ<br>• किशोरकिशोरीहरूको प्रेम सम्बन्ध र यौनिकताबारे अभिभावक र समुदायको सकुंचित दृष्टिकोण<br>• किशोरी तथा महिला औपचारिक क्षेत्रको रोजगारीबाट विमुख हुनु पर्ने अवस्था,<br>• बालिका, किशोरी तथा महिलाको शिक्षा तथा रोजगारीमा असमान पहुँच,<br>• लैङ्गिक तथा जातीय भेदभाव र छुवाछुत,<br>• प्रणालीगत गरिबीको कुचक्र र आर्थिक असुरक्षा,<br>• मोबाइल र सामाजिक सञ्जालमा अनियन्त्रित पहुँचले बढाएको अश्लीलता र हिंसा<br>• साथीभाईको देखासिखी<br>• परम्परागत सामाजिक तथा धार्मिक मूल्यमान्यताहरू<br>• बालविवाहलाई स्वभाविक र सामान्य रूपमा हलुकासंग हेर्ने सामाजिक राजनीतिक मूल्य मान्यता, सोच र व्यवहार<br>• बाल-विबाहविरुद्धको उजुरीमा तत्काल कारबाही नहुने र मिलापत्र गर्ने  सामाजिक परिपाटी ।<br>• संघ, प्रदेश र स्थानियतह बिचमा प्रभावकारी समन्वयको अभाव |

## ६. रणनीतिक कार्ययोजनाको औचित्य

नेपालको कानूनले बाल-विवाहलाई दण्डनीय अपराध माने तापनि समाजमा यसको अन्त्य हुन सकेको छैन। नेपालको संविधानले महिला तथा बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। यसका साथै संविधानतः बालवालिकालाई बाल-विवाह गराउन, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक बनाउन नपाइने र महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नहुने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको हुँदा बाल विबाह अन्त्यका लागि सबै तहका सरकारले प्राथमिकताकासाथ नीति तथा कार्यक्रम बनाई सम्बोधन गर्न जरूरी छ। यसका साथै नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता पूरा गर्नका लागि पनि स्थानीय तहदेखि नै बाल-विवाह अन्त्य गर्ने सम्बन्धमा एक स्पष्ट रणनीति र कार्ययोजनाको आवश्यकता छ।

मुलुकभित्र बाल-विवाह भौगोलिकता र समुदाय अनुसार फरक फरक स्वरूपमा विद्यमान छ । चन्द्रपुर नगरपालिकामा पनि बाल-विवाह धेरै वर्ष पहिलेदेखि नै प्रचलनमा छ। नीतिगत, कानूनी र शिक्षा सचेतना लगाएतका विभिन्न प्रयासहरूबाट विगतको तुलनामा बाल-विवाहमा केही कमी आएको भए तापनि समग्रमा यो समस्या अझै गम्भीर रूपमा विद्यमान छ। सामान्यतयाः समुदाय विशेषको सामाजिक परम्परा; छोरीलाई अर्काको सम्पत्ति ठान्ने सोच; राम्रो केटा पाएको बेलामा दिई हालौं भन्ने अभिभावकको मनोबृत्ति; सानैमा कन्यादान दिएमा पुण्य कमाउन पाइने धार्मिक मान्यता र विश्वा; परिवारको कमजोर आर्थिक अवस्था; लाई परिवार र समाजले सहजरूपमा नलिनु,, बेरोजगारी गुणस्तरीय शिक्षा र चेतनाको अभाव, किशोरावस्थाको प्रेम सम्बन्ध (विशेषगरी अन्तरजातिय प्रेम) लैङ्गिक भेदभाव आदिले बाल-विवाहलाई प्रोत्साहन गरिरहेको छ। साथै समाजमा महिला र किशोरी असुरक्षित हुनु किशोरीहरूको शिक्षाका लागि परिवारबाट लगानी कम हुनु, बालबालिकाले बीचैमा विद्यालयको पढाई छाड्नु पर्ने बाध्यता रहनु; आधुनिक सञ्चार प्रविधि र सामाजिक सञ्जालको प्रभावमा पर्नु किशोरकिशोरीका भावनाको घरपरिवारमा उपेक्षा हुनु; किशोरीका आधारभूत आवश्यकताहरूको परिपूर्ति नहुनु; साथीसंगीको लहलहैमा लाग्नु, उचित अभिभावकत्व तथा मार्गदर्शन नहुनु, किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा पर्याप्त मात्रामा नदिइनु र ती सेवाहरू सहज उपलब्ध नहुनु, बालविवाहबाट स्वास्थ्य, शिक्षा, आयआर्जन, व्यक्तित्व विकास लगायत जीवनमा पार्ने नकारात्मक असरका बारेमा जानकारी नहुनु,, कानूनी व्यवस्थाका बारेमा जानकारी नहुनु,, अरूको प्रलोभन, करकाप वा डर धम्कीमा पर्नु, वाल विवाह कानूनले अपराध मानेको भए तापनि कानूनी कारवाही गर्नुको बदला समाजमा बालविवाहलाई सामान्य रूपमा लिई स्वीकार गरिनु लगायतका कारण कतिपय अवस्थामा अभिभावकले नै बालविवाह गराउने र बालबालिकाहरू स्वयम भागेर विवाह गर्ने गरेको पाइएकोछ।

बाल-विवाहका कारण बालिकाहरू आधारभूत हक अधिकारबाट बञ्चित हुने मात्र होइनन्, उनीहरू आफ्नो भविष्य बनाउने, सहभागी हुने र निर्णय लिने अधिकारबाट पनि बञ्चित छन् । साथै, बाल-विवाहमा परेका विशेष गरी धेरैभन्दा धेरै किशोरी तथा महिलाहरू जीवनमा प्रतिकूल यौन तथा प्रजनन स्वास्थ्य, घरेलु हिंसा, बहुविवाह, लैङ्गिक हिंसा, आत्महत्या र मानव बेचबिखन जस्ता दुष्परिणामहरू भोग्न बाध्य छन् । बाल-विवाह बहुपक्षीय सरोकारको विषय भएको हुँदा स्थानीय तह, विकास साझेदार, नागरिक समाज, गैर सरकारी संस्था र सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको आवश्यकता रहेकोछ। नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा

जनाएको प्रतिवद्धता र दिगो विकास लक्ष्यअनुरूप सन् २०३० सम्ममा बाल-विवाह अन्त्य गर्नु नगरपालिकाको पनि दायित्व हो । त्यसैले यस नगरपालिकालाई बाल-विवाह न्यूनीकरण गर्नका लागि ,बाल-विवाह अन्त्यका लागि रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ ।

## ७. रणनीतिक कार्ययोजनाका सिद्धान्तहरु

देहायका सिद्धान्तका आधारमा यो रणनीतिक कार्य योजना तर्जुमा गरिएको छः

(क) **भेदभाव रहित**ः यो रणनीति कार्ययोजना कार्यान्वयनको सिलसिलामा विशेषगरी बालबालिकामाथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन।

(ख) **बालबालिकाको सर्वोत्तम हित**ः यो रणनीति कार्ययोजनाले बाल-विवाह अन्त्य गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राख्दछ।

(ग) **शून्य सहनशीलता**ः यो रणनीति कार्ययोजनाले बाल-विवाहको सवालमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गर्दछ।

(घ) **किशोरकिशोरीहरूको अर्थपूर्ण सहभागिता**ः यो रणनीति कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै विशेषगरी बालबालिका, किशोरकिशोरी र समुदायका अन्य सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिन्छ।

(ङ) **पुरूष तथा बालकहरूको संलग्नता**ः यो रणनीति कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरूष तथा बालकहरूको सक्रिय संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्दछ।

(च) **पीडित र प्रभावितको संरक्षण:** यो रणनीति कार्ययोजनाले विशेष गरी करकापमा परी बाल-विवाहबाट प्रभावित बनेका, बाल-विवाहका कारण हिंसामा परेका र बाल-विवाहको जोखिममा रहेका किशोरीहरूको संरक्षण गरी सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकता दिन्छ।

(छ) **न्यायमा पहुँच तथा द्रूत न्याय**ः यो रणनीति रणनीति कार्ययोजनाले बाल-विवाहबाट प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्त अनुसार न्याय दिलाउने मान्यतालाई प्राथमिकतामा राख्दछ।

(ज) **साझेदारिता र सहकार्य**ः यो रणनीति कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, गैरसरकारी संस्थाहरू राजनीतिक, सामाजिक तथा धार्मिक क्षेत्रका अगुवाहरूसँगको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता दिइनेछ।

(झ) **परिवर्तनको सिद्धान्त**ः यो रणनीति कार्ययोजनाले लैङ्गिक विभेद र हानीकारक परम्पराका उपजका रूपमा रहेको बाल-विवाहको अन्त्यका लागि लैङ्गिकता, जातियता, सामाजिक–आर्थिक दूरावस्था र

उत्पत्तिका आधारमा हुने भेदभावलाई अन्त्य गर्न जरूरी रहेको र यसको लागि सामाजिक मूल्य मान्यता, सोच र व्यवहारमा परिवर्तन आवश्यक छ भन्ने कुरामा जोड दिन्छ। यो रणनीति कार्ययोजना परिवर्तनको सिद्धान्तमा आधारित छ।

### ८. दूरदृष्टि

बाल-विवाह तथा लैङ्गिक हिंसा मुक्त चन्द्रपुर नगरपालिका।

### ९. ध्येय

चन्द्रपुर नगरपालिकामा सरोकारवाला सरकारी निकाय तथा सामाजिक संघसंस्था सँगको सहकार्यमा किशोरकिशोरी तथा परिवारको कानूनी तथा व्यवहारिक सचेतना सहित सामाजिक, आर्थिक सशक्तिकण गरी बालमैत्री तथा लैङ्गिक मैत्री शासन पद्धतिलाई अवलम्वन गर्दै बाल-विवाह उन्मूलन गर्ने।

### १०. लक्ष्य

सन् २०२६ सम्म चन्द्रपुर नगरपालिकाका सबै वडाहरुमा बाल-विवाहलाई पूर्ण रुपमा नियन्त्रण गरी बाल-विवाह मुक्त नगरपालिका घोषणा गर्ने।

### ११. उद्देश्य

१. नगरपालिका अन्तर्गत बाल-विवाहको जोखिममा रहेका सबै समुदायमा शिक्षा सचेतना लगायतका रोकथामका उपायहरु अवलम्वन गरी बाल-विवाहको दरलाई शून्यमा झार्ने।

२. नगरपालिका क्षेत्रमा समुदायमा आधारित निगरानी प्रणालिलाई सुदृढ तुल्याई बाल-विवाह विरुद्ध शून्य सहनशिलता सहित स्व-सक्रिय सम्बोधन प्रणालीको निर्माण गर्ने।

३. नगरपालिकाका सबै वडाहरूमा बाल-विवाह निषेध गर्ने वर्तमान कानूनको परिपालनालाई प्रभावकारी बनाई बाल-विवाह पूर्ण रुपमा नियन्त्रण गर्ने र बाल-विवाहका पीडितहरुको न्यायमा पहुँच वृद्धि गर्ने।

४. बाल-विवाहबाट पीडित/प्रभावित भएका र बाल-विवाहको जोखिममा रहेका बालबालिका विशेषतः बालिकाहरुको संरक्षण गर्दै लक्षित सेवा, सुविधा तथा अवसरमा उनीहरुको सरल तथा सहज पहुँचको सुनिश्चितता गर्ने।

५. पालिकामा सबै सरकारी निकाय, राजनीतिक दल, विद्यालय व्यक्ति, परिवार र समुदाय, नागरिक समाज, निजी क्षेत्र एवं संघस्थाहरुसँगको समन्वय, सहयोग र साझेदारीतालाई प्रवर्द्धन गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको प्रक्रियालाई सुदृढ पार्दै बाल-विवाह अन्त्य गर्ने अभियानलाई व्यापकता दिने।

## १२. रणनीति तथा कार्यनीति

उपरोक्त उद्देश्य हासिल गर्नका लागि देहाएका रणनीति तथा कार्यनीति अवलम्वन गरिने छः

| | रणनीति | | कार्यनीति |
|---|---|---|---|
| **१. बालविवाह न्युनिकरण सम्बन्धी रणनीति/कार्यनीति** | | | |
| १. | नगरपालिकाका सबै वडाहरूमा बाल-विवाह बारे स्थिति अध्ययन र विश्लेषण गरी तथ्याङ्क प्रणालीको विकास गर्ने। | १.१ | बाल-विवाह, दाइजो, महिनावारी हुँदा गरिने भेदभाव लगायतका हानीकारक परम्परागत अभ्यास एवं बाल-विवाहका कारण र त्यसबाट परिवारमा परेका सामाजिक, आर्थिक एवं स्वास्थ्य असरहरूबारे अध्ययन विश्लेषणसहितको नगरपालिकास्तरीय आधाररेखा (Baseline) तयार पारी आवधिक रूपमा अद्यावधिक गर्ने व्यवस्था गरिने छ। |
| | | १.२ | बाल-विवाहको अद्यावधिक स्थिति प्रतिवेदनलाई सरोकारवाला निकायमा कार्यान्वयनको लागि सम्प्रेषण गरिनेछ। |
| २. | नगरपालिका क्षेत्रका सबै समुदायमा बाल-विवाह तथा हानीकारक परम्परागत अभ्यास अन्त्यका लागि शिक्षा सचेतना जगाउने। | २.१ | नगरपालिकाको सबै टोल र समुदायमा  टोल विकास समिति,  महिला निगरानी समूह, बालक्लब, युवा क्लब तथा किशोरकिशोरी समूह गठन गरी बाल-विवाह र हानिकारक अभ्यास विरूद्ध व्यापक रूपमा सामाजिक अभियान सञ्चालन गरिनेछ। |
| | | २.२ | नगरपालिकामा बाल बिवाह र हानिकारक अभ्यास अन्त्यका लागि राजनीतिक दल, संचार माध्यम, पेशागत संघसंस्था र व्यापार व्यवसायीहरूद्वारा हस्ताक्षरित सार्वजनिक प्रविद्धताका बारे व्यापक प्रचार प्रसार गरी सबैको साझेदारितामा सचेतनाका विभिन्न अभियानहरू सञ्चालन गरिनेछ। |
| | | २.३ | बाल बिवाह निषेधसम्बन्धी कानूनी प्रावधानहरूबारे स्थानीय भाषामा समेत प्रचारसामग्री निर्माण गरी नगर क्षेत्रमा आम सञ्चारका माध्यम मार्फत प्रचारप्रसार गरिनेछ। |
| ३. | नगरपालिका अन्तर्गत सबै विद्यालय, कार्यालयहरु, धार्मिक संस्थाहरु लगायत सम्पूर्ण भौतिक | ३.१ | बाल-विवाह अन्त्यको लागि सबै विद्यालय,  कार्यालयहरु, धार्मिक संस्थाहरु लगायत सम्पूर्ण भौतिक संरचनाहरुमा बालमैत्री एवं लैङ्गिकमैत्री मापदण्ड तयार गरी क्रमिक रूपमा लागू गरिनेछ। |
| | | ३.२ | आधारभूत र माध्यामिक तहको सबै विद्यालयहरू, वालक्लव, युवाक्लव, विभिन्न समितिहरुमा बाल-विवाह, दाइजो जस्ता कुप्रथा, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार सम्बन्धी विषयमा व्यापक प्रचारप्रसार गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | संरचनाहरुमा बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गर्ने। | ३.३ | विद्यालयहरूमा बाल-विवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Sexuality and Reproductive Health education) बारे खुलेर पठन–पाठन र छलफल गर्ने गराउने वातावरण तयार गरिनेछ। |
| ४. | गैर सरकारी संस्थाहरूको सहयोगमा सबै वडाहरूमा बाल-विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीहरूको सशक्तिकरण गरी बाल-विवाहविरूद्ध परिचालन गर्ने। | ४.१ | सबै समुदायमा विद्यालय बाहिरका बालबालिकाहरू, किशोरकिशोरीहरू र युवाहरूलाई समुदायमा आधारित बाल क्लब, किशोरी क्लब र युवा क्लबमा आवद्ध गराई बाल-विवाहविरूद्ध विभिन्न अभियानहरूमा सरिक गराइनेछ। |
| | | ४.२ | वडास्तरमा किशोरी सूचना केन्द्र स्थापना गरी लैङ्गिक सचेतनाका साथै बाल-विवाह, हानीकारक परम्परा, यौन तथा प्रजनन स्वास्थ्यबारे सचेतना फैलाइने छ। |
| | | ४.३ | विद्यालय बाहिरका सबै समुदायका किशोरीहरूलाई लक्षित गरी अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षासँग आवद्ध गरी शिक्षामा पहुँच स्थापित गरिनेछ। |
| ५. | बाल-विवाह अन्त्यका लागि वडा स्तरीय बाल अधिकार समितिको सक्रियतामा पारिवारिक संरक्षण तथा सकारात्मक अभिभावकत्वलाई प्रवर्द्धन गर्ने। | ५.१ | बाल-विवाह विरूद्ध अभिभावकलाई लक्षित गरी छोराछोरीबीच विभेद रहित ढङ्गले बालबालिकाहरूको हेरचाह, स्याहार, शिक्षा एवं किशोरावस्थाको यौनिकता आदि विषयलाई समेटी सकारात्मक अभिभावकीय शिक्षा (Positive Parenting Education) सञ्चालन गरिनेछ। |
| | | ५.२ | बाल बिवाहलाई निरूत्साहित गर्न विशेष पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध प्रवर्द्धन सम्बन्धि कार्यहरु गरीनेछ । |
| | | ५.३ | वडाहरूमा आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सीमान्तकृत परिवारका बालिकाहरूलाई अनिवार्य शिक्षामा जोड दिई बाल बिवाह नगर्ने शर्तमा विद्यालय तथा मदरसामा विशेष गरी छात्राहरूको बीचैमा पढाई छाड्ने प्रबृत्तिलाई निरूत्साहित पारी उनीहरूलाई विद्यालयमा टिकाई राख्न विभिन्न योजना (कापीकलम, विद्यालयको पोशाक, झोला, खाजा लगायत विभिन्न सहायता, २० वर्षसम्म बालिका वीमाको नीति आदि) कार्यान्वयनमा ल्याइनेछ। |
| *२. समुदायमा आधारित सम्बोधनसम्बन्धी रणनीति/कार्यनीति* | | | |
| ६= | बाल-विवाह अन्त्यका लागि सबै वडाहरूमा | ६.१ | समुदायहरूमा धर्मगुरूहरूको सञ्जालमार्पmत लैङ्गिक समानता कायम गर्ने र बाल-विवाह अन्त्य गर्नेसम्बन्धी कानूनी शिक्षा, बाल-विवाहबाट पर्ने नकारात्मक सामाजिक आर्थिक प्रभाव र स्वास्थ्य प्रतिकुलताबारे |

| | | | |
|---|---|---|---|
| | वयस्क, युवा, शिक्षक, धर्मगुरू/पुरेत, राजनीतिक दल, नागरिक समाज र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने। | | धर्मगुरुहरूलाई प्रशिक्षण दिई परिचालन गरिनेछ। |
| | | ६.२ | राजनीतिक दलका नेता, शिक्षक, धर्मगुरू/पुरेत, ज्योतिष, पण्डित, धामी-झाँक्री, लामा, पास्चर लगायत समुदायमा अग्रणी भूमिकामा रहेका व्यक्तिहरूसँग बाल-विवाहका नकारात्मक असरहरूबारे सम्वाद गरी पैरवी गरिनेछ । |
| | | ६.३ | समुदायस्तरमा बाल-विवाह रोकथाममा अगुवा भूमिका खेलेका व्यक्तिहरूको पहिचान गरी समुदायका विभिन्न सञ्जालहरूमा अग्रणी अभियन्ता (champion) को रूपमा सहभागी गराई सार्वजनिक समारोहहरूमा सम्मान गरिनेछ। |
| ७. | वडाहरूमा बालअधिकार समिति , समुदायमा आधारित निगरानी प्रणालीको सुदृढीकरण गरी टोल विकास संस्था लगायत समुदायमा आधारित संस्थाहरूमार्फत जोखिम समुदायमा पारिवारिक भेटघाट र परामर्शलाई व्यापकता दिने। | ७.१ | सबै वडाका टोलहरूमा बाल-विवाह र हानीकारक अभ्यास विरूद्ध स्व-सक्रिय सम्बोधन (pro-active intervention) का लागि समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई सुदृढ बनाइनेछ। |
| | | ७.२ | समुदाय-प्रहरी साझेदारी कार्यक्रम मार्पmत बाल-विवाह हुन लागेको परिवारमा पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) द्वारा बाल-विवाहलाई रोकथाम गरिनेछ। |
| | | ७.३ | समुदाय-प्रहरी साझेदारी कार्यक्रम मार्पmत बाल-विवाहलाई रोकथाम, निषेध र प्रतिवन्धका लागि समुदायमा Rapid Response Team परिचालन गरी अग्रीम चेतावनी दिने पद्धति (early warning system) को विकास गरिनेछ। |
| | | ७.४ | सबै टोल र समुदायमा बाल-विवाह तथा हानिकारक परम्परा विरूद्ध बालअधिकार समिति , टोल विकास संस्थालाई निगरानी तथा खवदारी गर्ने संयन्त्रको रुपमा प्रभावकारी बनाइने छ र महिला सहकारी, आमा समूह, महिला निगरानी समूह, बालक्लब, युवा क्लब र किशोरी समूह समेतलाई पारिचालनलाई व्यापकता दिइनेछ। |
| **३. कानूनी कारवाहीसम्बन्धी रणनीति/कार्यनीति** | | | |
| ८. | बाल-विवाह विरूद्ध सरल र प्रभावकारी उजुरी संयन्त्रको व्यवस्थापन गर्ने। | ८.१ | नगरपालिकाको न्यायिक समिति र प्रहरी कार्यालय वडाकार्यालय तथा विध्यालयहरुमा बाल-विवाहविरूद्ध सरल र प्रभावकारी उजुरी संयन्त्र निर्माण गरिनेछ। |
| | | ८.२ | बाल-विवाहबिरूद्ध स्वतःस्फूर्त (suo moto) कारवाहीका लागि प्रहरी परिचालन गर्न प्रहरी कार्यालयसँग समन्वय गरिनेछ। |

| | | | |
|---|---|---|---|
| ९. | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानूनको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने। | ९.१ | बाल-विवाह निषेधसम्बन्धी राष्ट्रिय कानून, नीति, कार्ययोजना दिगो विकास लक्ष्य र CEDAW Committee को सुझावबारे नगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालाहरूलाई जागरूक बनाइनेछ। |
| | | ९.२ | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानून कार्यान्वयनबारे सरल भाषामा कार्यविधि निर्माण गरी , जनप्रतिनिधि, न्यायिक समिति , बालअधिकार समितिका पदाधिकारीहरु र प्रहरी लगायत कानून कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूलाई प्रशिक्षण दिइनेछ। |
| ***४. संरक्षणसम्बन्धी रणनीति/कार्यनीति*** | | | |
| १०. | नगरपालिका क्षेत्रमा बाल-विवाहबाट प्रभावित एवं बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरू को संरक्षण गर्ने। | १०.१ | बाल-विवाहका प्रभावितहरूका लागि आवश्यक बैकल्पिक हेरचाह तथा संरक्षण सेवा प्रवाह गर्न स्थानीय बाल अधिकार समितिलाई सक्रिय रूपमा परिचालन गरिनेछ। |
| | | १०.२ | बाल-विवाहबाट प्रभावित बालबालिकाहरूलाई कानूनी हक एवं उपचार सम्बन्धी परामर्श, कानूनी सहायता, मनोविमर्श, सीप विकास तालिम र आय आर्जन लगाएतका सहायतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी सामाजिक तथा आर्थिक सशक्तिकरण गरिनेछ । |
| | | १०.३ | बाल-विवाहको रोकथाम गर्न सहयोग गर्ने र बाल-विवाह गर्न नचाहने बालबालिकाहरूको सुरक्षाको भरपर्दो व्यवस्था गरिनेछ। |
| ***५. सहकार्य/साझेदारीता र अनुगमन/मूल्याङ्कनसम्बन्धी रणनीति/कार्यनीति*** | | | |
| ११. | नगरपालिका क्षेत्रमा कार्यरत सबै सरोकारवालाहरू सँगको सहकार्य र साझेदारीतामा बाल-विवाहविरूद्धको ऐक्यवद्धतालाई प्रोत्साहन गर्ने। | ११.१ | सबै सरोकारवालाहरूको सहयोग र साझेदारितामा सबै वडाहरूमा बाल मैत्री तथा लैङ्गिक मैत्री वडा घोषणा गर्ने अभियानलाई व्यापकता दिई बाल-विवाह अन्त्य गरिनेछ। |
| | | ११.२ | बाल-विवाहको रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन गर्न, बाल-विवाहबाट पीडित प्रभावितका लागि हेरचाह तथा संरक्षण सहायता प्रदान गर्न र बाल-विवाहविरूद्ध कानूनी कारवाहीलाई सशक्त बनाउन प्रदेश तथा जिल्ला स्तरीयतथा नगर स्तरीय सरोकारवाला निकाय तथा संस्थाहरूसंगको समन्वय, सहयोग र साझेदारितालाई प्रवर्द्धन गरिनेछ। |
| | | ११.३ | वडा कार्यालयको अगुवाई र नागरिक समाजको सहयोगमा भौगोलिकता, जात-जाति, धर्म-सम्प्रदाय, सँस्कृति, परम्परा एवं आर्थिक-सामाजिक अवस्था अनुरूप समुदाय विशेषमा कायम रहेको बाल-विवाह अन्त्यका लागि समूह विशेष विधि (Cluster Approach) अवलम्वन गरिनेछ। |

| | | | |
|---|---|---|---|
| १२. | बाल-विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन सबै वडाहरूमा सुचना प्रवाह अनिवार्य सिफारिसको व्यवस्था सहित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने। | १२.१ | सबै वडाहरूमा बाल-विवाह अन्त्यका लागि भएका प्रयासहरूको आवधिकरूपमा समिक्षा गर्ने प्रणालीको विकास गरिनेछ। |
| | | १२.२ | बालविवाह नियन्त्रणबारे नगरपालिकास्तरमा लैङ्गिक खण्डीकृत तथ्याङ्कको संकलन, अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गरिनेछ। |
| | | १२.३ | वडा समितिहरू अन्तर्गत अनुगमन तथा मूल्याङ्कनका नतिजा एवं असल अभ्यासबारे समिक्षा गर्ने र समुदायलाई सुसूचित गर्ने प्रणालीको विकास गरिनेछ। |
| | | १२.४ | बाल-विवाह अन्त्यका लागि एक वडाले सुरू गरेको असल अभ्यासलाई अरू वडाहरूमा क्रमशः विस्तार गरिनेछ। |
| | | १२.५ | **वालविवाह अन्त्य गर्नको लागि अनिवार्य रुपमा वडा कार्यालयहरुबाट सिफारिस लिनुपर्ने कार्यलाई सक्रियताका साथ कार्यान्वयन गरीनेछ । सिफारिसको लागि निवेदकले दुलहा दुलहीको नेपाली नागरीकता प्रमाणपत्र पेश गर्ने व्यवस्था लागु गरीनेछ साथै विवाहको कार्ड छपाउँदा दुलहा दुलहीको जन्ममिति उल्लेख गर्ने कार्यलाई प्रोत्साहन गरी प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ ।**<br>**१२.६ वडा कार्यालयबाट सिफारिस नलिई विवाह गरेमा वडा समितिको निर्णय अनुसार दण्ड जरिमानाको व्यवस्था समेत गरिने छ ।** |

### १३. कार्ययोजना तथा श्रोत व्यवस्थापन

चन्द्रपुर नगरपालिका क्षेत्रमा बाल-विवाह अन्त्यका लागि उपरोक्त रणनीति तथा कार्यनीतिका आधारमा यो रणनीतिक कार्ययोजना तयार पारिएको छ। यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि नगरपालिकालाई युनिसेफ नेपालबाट प्राप्त बजेटबाट प्राथमिकताका साथ यस क्षेत्रमा क्रियाशील संघसंस्थाहरू, विकास साझेदारहरू, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत सबै सरोकारवालाहरूसँग सहकार्य गर्नुका साथै प्रदेश तथा जिल्ला स्तर र नगर स्तरका कार्यालयहरूसँग समेत समन्वय गरी आर्थिक श्रोतको व्यवस्थापन गरिनेछ। यस कार्ययोजनाको कार्यान्वयनमा निम्नानुसारका सरोकार एवं साझेदारहरूबाट वित्तिय तथा प्राविधिक सहयोग प्राप्त हुने अनुमान गरिएको छ ।

- नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत संघीय तहका निकायहरू,

- मधेस प्रदेश सरकार, कानून, मन्त्रालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत प्रदेश तहका सरकारी निकायहरू,
- जिल्ला प्रशासन कार्यालय रौतहट
- जिल्ला समन्वय समिति रौतहट,
- जिल्ला स्वास्थ्य कार्यालय, रौतहट,
- जिल्ला शिक्षा समन्वय इकाई, रौतहट,
- ईलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुर,
- अन्तर्राष्ट्रिय विकास साझेदारहरू (अन्तर्राष्ट्रिय जनसंख्या कोष, अन्तर्राष्ट्रिय बाल बचाउ कोष लगायत बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरू),
- गैरसरकारी संस्थाहरू,
- सामुदायिक बन उपभोक्ता महासँघ समुह,
- चन्द्रपुर नगर उद्योग बाणिज्य संघ वा सबै किसिमका व्यवसायी तथा संघहरु
- पत्रकार महासँघ रौतहट,
- नेपाल बार एसोसिएसन, जिल्ला बार इकाई,
- निर्माण व्यवसायी संघ रौतहट,
- नेपाल रेडक्रस सोसाइटी, उपशाखा चन्द्रपुर
- ईलाका प्रहरी कार्यालयहरु डुमरिया ,चन्द्रनिगाहपुर रौतहट,
- नगरका विभिन्न प्रकारले प्राप्त हुने आन्तरिक श्रोतहरू,
- अन्य सरोकारवाला निकाय तथा संस्थाहरू ।

## १४. अनुगमन तथा मूल्याङ्कन

यो रणनीतिक कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा चन्द्रपुर नगरपालिकाले देहाय अनुसारको व्यवस्था गर्नेछ:

- नगरपालिकाका सबै वडाहरूबाट बाल-विवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गर्नका लागि प्रभावकारी लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने। साथै कार्ययोजनामा उल्लेख भएअनुसारका क्रियाकलाप, श्रोत साधन परिचालन लगायत अनुगमन तथा मूल्यांकन कार्यमा नगरपालिकाले नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्ने।
- नगरपालिका र वडा कार्यालयहरू सहित कार्यान्वयन गर्ने सबै सरोकारवालाहरूलाई यो रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा सूचक सहितको अनुगमन गर्ने विधिबारे प्रशिक्षण दिने।

- यो रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै ढाँचा (template) मा प्रतिवेदन तयार पारी पेश गर्ने परिपाटी बसाल्ने।
- बाल-विवाहबाट पीडित/प्रभावितहरू प्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र सहायताबारे वडा कार्यालयहरूको समन्वय र जवाफदेहीतामा सामुदायिक अनुगमन तथा मूल्याङ्ककन प्रणालीसम्बन्धी निर्देशिका तयार गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने ।
- प्रत्येक चौमासिकमा अन्य विकास कार्यक्रमहरूको अनुगमन एवं प्रगति समिक्षा संगै यस कार्ययोजनाका कार्यक्रम/क्रियाकलाको कार्यान्वयन स्थितिबारे अनुगमन तथा प्रगति समिक्षा गर्ने।
- अनुगमनको नतिजा बारे नगरपालिकाको समिक्षा गोष्ठिमा स्पस्ट रूपमा समावेश गर्ने।
- यो रणनीतिक कार्ययोजनाको कार्यान्वयन र प्रभावकारिताबारे स्वतन्त्र परामर्शदाताहरूबाट आवधिक मूल्याङ्कन गरी गराई प्राप्त सुझावअनुसार रणनीतिक कार्ययोजनामा सुधार गर्दै जाने।
- बाल-विवाह तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि नगरपालिकाबाट भएका समग्र प्रयासहरूबारे एकिकृत रूपमा वार्षिक प्रतिवेदन तयार पारी प्रकाशित गर्ने।

## १५. संस्थागत संरचना

यो रणनीतिक काययोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि नगरपालिकाले निम्न अनुसार संरचना निर्माणमा ध्यान दिने छ ।

| नगरपालिका स्तर | वडा स्तर | समुदाय स्तर |
|---|---|---|
| • स्थानीय बालअधिकार समितिको समग्र निर्देशन र सुपरिवेक्षण<br>• उपप्रमुखको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन कार्यदल<br>• महिला बालबालिका जेष्ठ नागरीक शाखा प्रमुखको संयोजकत्वमा कार्यान्वयन कार्यदल | • वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय बाल-विवाह अन्त्य तथा लैङ्गिक हिंसा निवारण समिति<br>• प्रहरी कार्यालयको अगुवाईमा बाल-विवाहविरुद्ध सूचना, जाहेरी (FIR) तथा प्रतिकार्य (response) का लागि Rapid Response Team<br>• महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल | • प्रहरी कार्यालयको अगुवाईमा सबै टोल/समुदायमा Rapid Response Team<br>• राजनैतिक दलहरुको सहभागिता तथा प्रतिबद्धता<br>• सामूदायिक तथा संस्थागत विध्यालयहरु परिवार<br>• टोल विकास संस्था<br>• महिला निगरानी समूह<br>• आमा समूह<br>• सहकारी संस्था<br>• बाल क्लब/सञ्जाल<br>• बालबालिका champion<br>• युवा क्लब<br>• किशोर तथा किशोरी समूह<br>• धर्मगुरु सञ्जाल<br>• |

**यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले निम्न सरोकारवालाहरूसँग देहायअनुसार सहकार्य र समन्वय गर्ने छ ।**

बाल-विवाहबाट प्रभावित बालिका, बाल-विवाहको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरू, युवा क्लब, किशोरी समूह, बालिका, महिला, आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, आदीवासी जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू, कानून कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, धर्मगुरू, नागरिक समाज, गैसस, निजी संस्था, पेशागत संस्था तथा सञ्जालहरूका साथै आवश्यकतानुसार प्रदेश सरकार, अन्य स्थानीय तह, विकास साझेदारसँग समन्वय र सहकार्य गर्ने।

## १६. सहकार्य तथा समन्वय

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले निम्न सरोकारवालाहरूसँग देहायअनुसार सहकार्य र समन्वय गर्ने छः

बाल-विवाहबाट प्रभावित बाल बालिका, बाल-विवाहको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समूहहरू, युवा क्लब, वालक्लव , किशोरी समूह, बालिका, महिला, आर्थिक तथा सामाजिक रूपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, आदीवासी जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू, कानून कार्यान्वयन गर्ने निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, धर्मगुरू, नागरिक समाज, गैसस, निजी संस्था, पेशागत संस्था तथा सञ्जालहरूका साथै आवश्यकतानुसार प्रदेश सरकार, अन्य स्थानीय तह, विकास साझेदारसँग समन्वय र सहकार्य गर्ने।

## १७. जोखिम तथा न्यूनीकरण

बाल-विवाह अन्त्यसम्बन्धी प्रस्तुत रणनीति तथा कार्ययोजनाको स्वरूप बृहत् (comprehensive) भएको र बहुक्षेत्रगत सवाल (Crosscutting Issue) भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू आउन सक्ने देखिन्छ। प्रमुख जोखिमहरू र न्यूनीकरणका उपायहरू देहाय अनुसार प्रस्तुत गरिएको छ।

| *क्र सं* | *सम्भावित जोखिमहरू* | *जोखिम न्यूनीकरणका उपायहरू* |
|---|---|---|
| १. | बालअधिकार, बालसंरक्षण, लैङ्गिक समानतासम्बन्धी अवधारणाबारे साझा | • सबै सरोकारवालाहरूमा समान बुझाईको लागि यो रणनीति तथा कार्ययोजनाको बारेमा स्थानीयस्तरका |

| | | |
|---|---|---|
| | बुझाईमा एकरूपता नहुने हुनाले रणनीति तथा कार्ययोजना कार्यान्वयनमा जिम्मेवार नगरपालिकामा सरोकारवालाहरूबाट अपेक्षित सहयोग प्राप्त हुन नसक्ने सम्भावना छ। | सरकारी निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरू बीच साझा अवधारणा, सहमति, प्रतिवद्धता, सहयोग र समन्वयका लागि नियमित रूपमा छलफल र परामर्श गर्ने। |
| २. | कानूनले निर्धारण गरेको विवाहको उमेरबारे समुदायमा गलत, भ्रमपूर्ण र अपर्याप्त बुझाई कायम रहँदा बाल-विवाहले सामाजिक मान्यता पाइरहेको अवस्था आफैंमा एक चनौतिपूर्ण छ। | • बाल-विवाहविरुद्धका कानूनी प्रावधान तथा उजूरी सयन्त्रको बारेमा सचेतना जगाउने उद्वेश्यले हाते सामग्री तयार गरी स्थानीय सञ्चार माध्यमहरूमार्फत सचेत गराउने ।<br>• बालबालिका तथा अभिभावकहरूबीच सामाजिक सम्वाद कार्यक्रम सञ्चालन गर्ने।<br>• सार्वजनिक यातायात लगायत धेरै मानिस आवतजावत र भेला हुने स्थानहरूमा बालविवाह विरूद्धको कानूनी व्यवस्थाबारे प्रचारप्रसार गर्ने। |
| ३. | सार्वजनिक तथा निजी क्षेत्र जतातत्तै पुरूष प्रधान मान्यता हावी रहेको र भौतिक पूर्वाधारलाई मात्र विकास देख्ने मानसिकता व्याप्त रहेको सन्दर्भमा सामाजिक विकासको क्षेत्रमा खासगरी बालिका र महिला केन्द्रित भई कार्यक्रम र बजेट विनियोजनको दृष्टिले यो रणनीति तथा कार्ययोजना कार्यान्वयन प्राथमिकतामा नपर्न सक्छ। | • बाल-विवाहविरूद्ध वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी वजेट व्यवस्था गर्ने।<br>• लैङ्गिक उत्तरदायी वजेट तर्जुमा गरी यो रणानीति कार्यान्वयनका लागि वजेट विनियोजन गर्ने।<br>• गैसस, निजी तथा व्यवसायिक क्षेत्रले गर्नु पर्ने योगदानको बारेमा निर्देशिका तयार गरी लागू गर्न पहल गर्ने । |
| ४ | नगरपालिकामा बाल-विवाह अन्त्यका लागि प्रतिवद्धता र इच्छाशक्ति सहितको दक्ष जनशक्तिको अभावमा यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयन सुस्त हुन सक्छ । | • बाल-विवाहविरूद्धको कानूनी व्यवस्था तथा यसबाट सामाजिक, आर्थिक, व्यवसायिक र यौन तथा प्रजनन स्वास्थ्यमा पार्ने प्रभावको बारेमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम चालाई समुदायमा परिचालन गर्ने।<br>• राजनीतिक दलहरूसँग यो विषयको प्राथमिकताका लागि संवाद चलाउने। |
| ५ | यो रणनीति तथा कार्ययोजना बहुपक्षीय सरोकारको विषय भएकाले कमजोर समन्वय र सहयोगका कारण यसको | • विद्यालय छाडेका बालबालिकाका लागि निजी तथा व्यवसायिक संघसंस्थाहरूसँग समन्वय गरी सीप तथा |

| | | |
|---|---|---|
| | कार्यान्वयन अपेक्षाकृत प्रभावकारी हुन नसक्ने सम्भावना छ। | क्षमता विकास र रोजगारीमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने<br>● ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सृजना गर्ने।<br>● बालिका विमा कार्यक्रमलाई प्रभावकारी बनाउने। |
| ६ | यो रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति परिचालन, आर्थिक तथा अन्य श्रोत साधनको विनियोजनको कमीका साथै लैङ्गिक संवेदनशीलताको अभावमा यसले प्राथमिकता नपाउन सक्छ। | ● नगरपालिका क्षेत्रमा सबै सरोकारवाला निकायहरूमा बालअधिकार, बालसंरक्षण र लैङ्गिक सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति निर्माणमा विशेष जोड दिने।<br>● संघीय सरकार, प्रदेश सरकार, नगरपालिका र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरी स्रोत साधन परिचालन गर्ने।<br>● नगरपालिकामा बालअधिकार र लैङ्गिक समानताबारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला बैठक र छलफल गराई राय परामर्श लिने र समस्या समाधान गर्ने परिपाटीको निर्माण गर्ने। |

## १८. कार्ययोजना

| १. निरोध सम्बन्धी रणनीतिक कार्यक्रमहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ***रणनीति १: नगरपालिकाका सबै वडाहरूमा बाल-विवाह बारे स्थिति अध्ययन र विश्लेषण गरी तथ्याङ्क प्रणालीको विकास गर्ने ।*** | | | | | | | |
| ***क्र.सं.*** | ***कार्यक्रम/क्रियाकलाप*** | ***प्रमुख जिम्मेवारी*** | ***सहयोगी*** | ***समय सीमा*** | ***अपेक्षित उपलब्धी*** | ***प्रगति सूचक*** | ***लागत अनुमान*** |
| १.१ | बाल-विवाहको स्थिति, कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारको सामाजिक आर्थिक एवं स्वास्थ्य स्थितिमा असरहरू बारे अध्ययन विश्लेषण गरी रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि सहयोगी सिद्ध हुने गरी वडास्तरसम्मको आधाररेखा तयार पार्ने, | • न.पा.<br>• वडा समिति | • विषयगत कार्यालयहरू<br>• गै स स हरू<br>• विकास साझेदार | १ वर्ष | • बाल-विवाहबारे आधारभूत विवरण संकलनका लागि सर्भेक्षण फाराम तयार भएको हुने,<br>• न.पा. का १० वटै वडाको घरधुरी विवरण संकलन भई बाल-विवाह र हानिकारक अभ्यासको स्थिति विश्लेषण सहितको आधाररेखा सर्वेक्षण प्रतिवेदन सार्वजनिक भएको हुने, | • आधार रेखा सर्वेक्षण प्रतिवेदन, | १० लाख |
| १.२ | बाल बिवाह न्यूनीकरणको अवस्था बारे प्रत्येक २ वर्षमा सबै वडाको स्थिति बारे तथ्याङ्क अद्यावधिक गर्ने, | | | प्रत्येक दोश्रो वर्षको ३ महिना भित्र | • हरेक दोश्रो वर्षमा तथ्यांङ्ग अद्यावधिक भएको हुने, | • तथ्याङ्क र प्रतिवेदन | प्रति वडा रू १ लाख |
| १.३ | अध्ययनका नतिजाहरू बारे कार्यान्वयनका लागि सरोकारवाला निकाय र संस्थाहरूमा सम्प्रेषण गर्ने, | | | निरन्तर | • कानून कार्यान्वयन निकाय, विषयगत कार्यालयहरू र गैसस लगायत सबै सरोकारवालाहरूलाई अध्ययनका नतिजाहरू प्रेषित | • बाल-विवाहका घटनाहरूमा सूचना संकलन र उजुरी संख्या<br>• बाल-विवाह विरूद्ध | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गरिएको हुने, | सञ्चालित कार्यक्रमको संख्या | |
| ***रणनीति २: नगरपालिका क्षेत्रका सबै समुदायमा बाल-विवाह तथा हानीकारक परम्परागत अभ्यास अन्त्यका लागि शिक्षा सचेतना जगाउने ।*** | | | | | | | |
| २.१ | सबै वडाका सबै टोलमा महिला निगरानी समूह, बालक्लब, युवा क्लब तथा किशोरी समूह गठन गरी बाल-विवाह र बाल-विवाहलाई प्रोत्साहन गर्ने, हानिकारक सोच, मूल्य मान्यता र व्यवहार विरूद्धको सामाजिक अभियान परिचालन गर्ने, | • वडा समिति | • न.पा.<br>• प्रहरी कार्यालय<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | ३ महिना भित्र थालनी गरी निरन्तरता दिने | • सबै वडाका सबै टोलमा महिला निगरानी समूह, बालक्लब, युवा क्लब तथा किशोरी समूह गठन भएको हुने,<br>• समुदायमा बाल-विवाहको संख्या उल्लेख्य मात्रामा घटेको हुने, | • गठन भएका संस्थाहरूको वडागत संख्या सहितको विवरण,<br>• सञ्चालित सामाजिक परिचालनको संख्या, | प्रति वडा प्रति वर्ष रू २ लाख |
| २.२ | बाल बिवाह र बाल-विवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मूल्य मान्यता र व्यवहार परिवर्तनका लागि राजनीतिक दल, संचार क्षेत्र, पेशागत संघ संस्था र व्यापार व्यवसायीहरूद्वारा हस्ताक्षरित प्रविद्धता जाहेर गरी गराई सबैको साझेदारितामा "मेरो छोरी, मेरो गर्व", "बालबालिका हाम्रो गौरव", "छोरी पढाउ, छोरी बचाउ", "हाम्रो प्रतिवद्धता, बाल-विवाह मुक्त समाज" जस्ता अभियानहरू सञ्चालन गर्ने, | • न.पा.<br>• वडा समिति | • राजनीतिक दलहरू<br>• विषयगत कार्यालयहरू<br>• निजी क्षेत्र<br>• सञ्चार क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • बाल-विवाह र हानीकारक अभ्यास निर्मूल पार्न सरोकारकारवाला सबैको लिखित प्रतिवद्धता जाहेर भएको हुने,<br>• सबै सरोकारवालाहरूको साझेदारितामा बाल-विवाह विरूद्ध विभिन्न अभियान सञ्चालन भएको हुने, | • बाल-विवाह विरूद्ध सबैको साझा प्रतिवद्धता दस्तावेज<br>• अभियानहरू सञ्चालन गर्ने निर्णय र परिपत्र<br>• प्रगति प्रतिवेदन | प्रति वडा प्रति वर्ष रू १ लाख |
| २.३ | बाल बिवाह निषेध सम्बन्धी कानूनी प्रावधानहरूबारे स्थानीय भाषामा समेत | • न.पा. | • बाल बिवाह निषेध | निरन्तर | • बाल-विवाह निषेध सम्बन्धी सूचना सामग्री निर्माण भई | • सूचना सामग्रीको किसिम र संख्या, | ३ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूचना सामग्री निर्माण गरी सञ्चार माध्यमद्वारा व्यापक प्रचारप्रसार गर्ने, | • वडा | सम्बन्धी कानूनी | | वितरण भएको हुने, | | |
| २.४ | बाल-विवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असर र परिवार एवं राज्यलाई पर्ने सामाजिक आर्थिक व्ययभार बारे सूचना सामग्री निर्माण गरी व्यापक प्रचारप्रसार गर्ने, | | प्रावधानहरू बारे स्थानीय भाषामा समेत सूचना सामग्री निर्माण गरी | | • बाल-विवाहबाट पर्ने नकारात्मक असर सम्बन्धी जानकारीमूलक सूचना सामग्रीको निर्माण र वितरण भएको हुने, | • प्रकाशित र वितरित पम्प्लेट, क्यालेण्डर, पोष्टर, आदिको संख्या, | २ लाख |
| २.५ | आधुनिक सूचना प्रविधिबारे ज्ञान र पहुँच नभएका समुदायका युवा तथा किशोरीहरूलाई लक्षित गरी बाल बिवाहका नकारात्मक असरहरू बारेमा जात्रा, मेला, भेला पर्वमा सिनेमा प्रदर्शनी, सडक नाटक लगायत उपयुक्त तरिका अपनाई जानकारी गराउने, | | सञ्चार माध्यमद्वारा व्यापक प्रचारप्रसार गर्ने, नेपाल वार जिल्ला इकाई | | • विभिन्न अवसरमा बाल-विवाह विरूद्ध सिनेमा, भिडियो, सडक नाटक आदि प्रदर्शित भएको हुने, | • बाल-विवाह विरूद्ध प्रर्दशित सिनेमा, भिडियो, सडक नाटकको प्रदर्शन संख्या<br>• मिडिया रिर्पोर्टिङ्ग | २ लाख |
| २.६ | बाल-विवाह नियन्त्रणका सम्बन्धमा CEDAW Committee, CRC committee, बिश्वब्यापी आवधिक समीक्षा लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास लक्ष्य बमोजिम तोकिएका राष्ट्रिय सूचकहरू समेटी जानकारी पुस्तिका निर्माण गर्ने, | | • सञ्चार माध्यम<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ बर्ष | • विभिन्न महासन्धिहरू अन्तर्गत बुझाईएको राष्ट्रिय प्रतिवेदन माथि राष्ट्र संघीय कमिटीहरूद्वारा दिईएका सिफारिसहरूलाई समेटी जानकारी पुस्तिका निर्माण भई वितरण भएको हुने, | • जानकारी पुस्तिका<br>• छलफल, प्रशीक्षण संख्या<br>• घटना व्यवस्थापनको अभिलेखिकरण संख्या | २ लाख |
| ***रणनीति ३:*** नगरपालिका अन्तर्गत सबै विद्यालय, **कार्यालयहरु, धार्मिक संस्थाहरु लगायत सम्पूर्ण भौतिक संरचनाहरुमा** बालमैत्री र लैङ्गिकमैत्री वातावरण निर्माण गर्ने। | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | बाल-विवाह नियन्त्रणका लागि देहाएका अनुसार बाल मैत्री र लैङ्गिक मैत्री. अपांगमैत्री, विद्यालय शिक्षा र संरचनाको व्यवस्था गर्ने<br>*(क)* खेलकुद र खेलकुद शिक्षक,<br>*(ख)* बाल मनोविमर्शकर्ता,<br>*(ग)* छात्र छात्राका लागि छुट्टै शौचालय,<br>*(घ)* छात्राहरूको लागि सेनिटरी प्याड र *व्यवस्थापन*<br>*(ङ)* बाल बिवाह, लैङ्गिक हिंसा तथा बाल अधिकारका बारेमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरू (वादविवाद, हाजिरी जवाफ, प्रवचन आदि) आयोजना,<br>*(च)* विद्यालय स्तरमा विभिन्न अभियान ("मेरो विद्यार्थी मेरो दायित्व", "बाल-विवाह मुक्त विद्यालय मेरो जिम्मेवारी", "मेरो गौरव बाल मैत्री विद्यालय" आदि), | • विद्यालय परिवार | • न.पा<br>• वडा<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • सूचकहरू सहित बालमैत्री र लैङ्गिकमैत्री विद्यालय घोषणा भएको हुने**,**<br>• बाल-विवाह विरूद्धको आचार संहिता विद्यालयहरूमा लागू भएको हुने**,**<br>• विद्यालयमा बालमैत्री र लैङ्गिक मैत्री पूर्वाधारहरूको विकास र निर्माण भएको हुने**,** | • आयोजित खेलकुद**,** बादविवाद प्रतियोगिता लगायत विभिन्न अतिरिक्त क्रियाकलापहरू र सहभागीहरूको संख्या**,**<br>• विद्यालयमा महिला शिक्षक तथा छात्राहरूका लागि उपलब्ध सुविधाहरू**,**<br>• बाल मैत्री र लैङ्गिक मैत्री विद्यालयको रूपमा घोषणा भएका विद्यालयको संख्या।<br>• *विध्यालयमा भएको गुनासो व्यवस्थापन संख्या* | प्रति विद्यालय प्रति वर्ष ५० हजार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२ | बाल-विवाह र दाइजोका कारण र परिणामहरू बारे बृहत रूपमा पठन पाठन गर्न गराउन आधारभूत र माध्यमिक तहको शिक्षाको *स्थानिय पाठ्यक्रम निर्माण गरी लागु गर्ने .* | • न.पा.<br>• वडा<br>• शिक्षा शाखा | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • आधारभूत तथा माध्यामिक तहको शिक्षाको *स्थानिय* पाठ्यक्रम भएको हुने**,** | • निर्णय पुस्तिका<br>• *स्थानिय* पाठ्क्रम र पाठ्यपुस्तक | ५ लाख |
| ३.३ | बाल-विवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Sexuality and Reproductive Health education) बारे शिक्षकहरूलाई प्रशिक्षण दिई विद्यालयमा पठनपाठन गराउने, | | | | • ***विध्यालय नर्सिंगहरूलाई व्यापक रुपमा परिचालन गरी***ने**,**<br>• स्वास्थ्य**,** जनसंख्या र सामाजिक शिक्षा पढाउने शिक्षकहरूलाई बृहत यौनिकता र प्रजनन स्वास्थ्य शिक्षाबारे प्रशिक्षण दिईको हुने**,**<br>• विद्यालयहरूमा यौन तथा प्रजनन स्वास्थ्यबारे खुलेर अध्ययन अध्ययापन भएको हुने**,** | • तालि म प्राप्त शिक्षकहरूको संख्या<br>• विध्यालय नर्सिंगहरुको संख्या | |
| ३.४ | बाल-विवाह विरूद्ध शिक्षक, अभिभावक, विद्यार्थी र स्वास्थ्य कार्यकर्ताहरूबीच नियमित वैठक र सम्वाद कार्यक्रम सञ्चालन गर्ने, | • वडा समिति<br>• *स्वास्थ्य शाखा र स्वास्थ्य चौकीहरु*<br>• विद्यालय | • वडा समिति<br>• शिक्षा कार्यालय<br>• विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • वडा शिक्षा, स्वास्थ्य र विद्यालय परिवार बीच नियमित रूपमा बैठक आयोजना गरी समुदायमा बाल-विवाहको स्थितिबारे लेखाजोखा गरिएको हुने, | • बैठक संख्या**,**<br>• निर्णय पुस्तिका | प्रति बैठक ५ हजार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.५ | बाल-विवाह नियन्त्रण गर्नका लागि विद्यालयमा विशेष गरी छात्राहरूलाई बीचैमा पढाई छाड्ने प्रबृत्तिलाई निरूत्साहित पारी टिकाई राख्न कापीकलम, विद्यालयको पोशाक, झोला लगायत विभिन्न सुविधाहरू प्रदान गर्ने, | • वडा समिति | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • लक्षित वर्गका छात्राहरूले विभिन्न सुविधा प्राप्त गरेको हुने, | • सहयोग प्राप्त गर्ने छात्राहरूको संख्या, | प्रति विद्यालय प्रति वर्ष १ लाख |
| ३.६ | स्थानीय समुदायको संस्कृति सुहाउंदो बालिका विशेष शिक्षा र विद्यालयको व्यवस्था गर्ने, | • *न.पा..* | | | • समुदाय सुहाउँदो बालिका विशेष शिक्षा कार्यक्रम लागू भएको हुने, | • विशेष शिक्षा सञ्चालन गर्ने निर्णय,<br>• लाभान्वित बालिकाहरूको संख्या। | प्रति वर्ष प्रति वडा १ लाख |
| ३.७ | बाल-विवाह नगर्ने शर्तमा विपन्न परिवारका बालिकाहरूका लागि १२ कक्षा सम्म निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने, | | | | • सबै समुदायमा सबै परिवारका बालबालिकालाई १२ कक्षा सम्म निशुल्क अध्ययन गर्ने अवसर प्राप्त भएको हुने, | • सम्भाव्यता अध्ययन<br>• लाभान्वीत बालिकाहरूको संख्या | |
| ३.८ | आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा सिमान्तकृत परिवारका बालिकाहरूलाई अनिवार्य पढाउने र बाल बिवाह नगर्ने शर्तमा २० वर्षसम्म बेटी बचाउ बेटी पढाउ कार्यक्रमलाई प्राथमिकताका साथ लागु गर्ने, | | | | • किशोरी शिक्षा बिमा कार्यक्रम लागू भएको हुने,<br>• सिमान्तकृत समुदायका किशोरीहरू अनिवार्य शिक्षाबाट लाभान्वित भई बाल-विवाहको दर उल्लेख्य मात्रामा घटेको हुने, | • किशोरी शिक्षा बीमा कार्यक्रमको कार्यविधि<br>• वीमा कार्यक्रम घोषणा र मिडिया रिपोर्टिङ्ग,<br>• लाभान्वित बालिकाहरूको संख्या | प्रति वर्ष प्रति वडा ५ लाख |

| रणनीति ४: गैरसरकारी संस्थाहरूको सहयोगमा सबै वडाहरूमा बाल-विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीहरूको सशक्तिकरण गरी बाल-विवाहविरूद्ध परिचालन गर्ने। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.१ | सबै वडाहरूमा बाल-विवाह विरूद्ध विद्यालय बाहिरका किशोर किशोरीहरूको समूह गठन गर्ने, | • वडा समिति | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • सबै समुदायमा किशोरकिशोरीको समूह/सञ्जाल गठन भएको हुने, | • किशोर किशोरीहरू समूह संख्या र सदस्य संख्या,<br>• मिडिया रिपोर्टिङ्ग, | प्रति समूह प्रति वर्ष २५ हजार |
| ४.२ | प्रत्येक वडामा किशोरी सूचना केन्द्र स्थापना गरी बाल-विवाह विरूद्ध लैङ्गिक सचेतना जगाउने, | | | | • प्रत्येक वडामा किशोरी सूचना केन्द्र सञ्चालन भएको हुने, | • स्थापित सूचना केन्द्रको संख्या,<br>• सूचना केन्द्रमा उपस्थित किशोरीहरूको संख्या। | प्रति सूचना केन्द्र प्रति बर्ष १० हजार |
| ४.३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई समुदायमा आधारित बाल क्लब, युवा क्लबमा आवद्ध गराई बाल-विवाह विरूद्ध विभिन्न अभियानहरूमा सरिक गराउने, | | | निरन्तर | • सबै वडाहरूमा समुदायमा आधारित बाल क्लब तथा युवा क्लब गठन भएको हुने,<br>• समुदायका बालबालिकाहरू बालक्लब, युवाक्लबमा आवद्ध भएको हुने, | • बाल क्लब, युवा क्लबहरूको संख्या,<br>• आवद्ध बालबालिकाको संख्या, | प्रति वडा प्रति बर्ष १ लाख |
| ४.४ | सबै वडाहरूमा किशोरकिशोरी समूहलाई लैङ्गिक समानता, बाल अधिकार, जीवन उपयोगी शिक्षा, दौंतरी शिक्षा, रुपान्तरण सेसन र सीपमूलक शिक्षा प्रदान गरी बाल-विवाह विरूद्ध नेतृत्व र क्षमता विकास गर्ने, | | | | • किशोरकिशोरी शिक्षाका लागि गै.स.स.हरू परिचालित भएको हुने,<br>• सबै समुदायका किशोरकिशोरीले जीवन उपयोगी शिक्षा , *रुपान्तरण सेसन* को अवसर प्राप्त | • प्रशिक्षण कार्यक्रमको संख्या<br>• लाभान्वीत किशोरकिशोरीको संख्या,<br>• मिडिया रिपोर्टिङ्ग, | प्रति समूह प्रति वर्ष ५० हजार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गरेको हुने, | | |
| ४.५ | समुदायमा बाल बिवाह नियन्त्रणका लागि सहयोगी हुने सूचना तथा सचेतना फैलाउन उदाहरणीय कार्य गर्ने (role model) किशोरकिशोरीलाई भूमिका दिई सरोकारवाला संस्थाहरूको क्षमता विकास गर्ने, | • वडा समिति | • किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | • गै.स.स.हरू मार्फत उदाहरणीय कार्य गर्ने (role model) किशोरकिशोरीको पहिचान भएको हुने,<br>• समुदायका किशोरकिशोरीहरू अगुवा किशोरकिशोरीबाट सुसूचित भएको हुने, | • लाभान्वीत किशोरकिशोरीको संख्या | प्रति समुदाय प्रति वर्ष ५० हजार |
| ४.६ | विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी  औपचारिक अनौपचचरिक शिक्षा प्रदान गर्ने, | | | | • गै.स.स.हरूको सहयोगमा समुदायमा औपचारिक अनौपचचरिक शिक्षा कार्यक्रम सञ्चालन भएको हुने, | • औपचारिक अनौपचचरिक शिक्षासम्बन्धी अध्ययन<br>• निर्णय पुस्तिका<br>• कक्षामा आवद्ध र लाभान्वीत किशोरीहरूको संख्या | प्रति समुदाय प्रति वर्ष १ लाख |
| ***रणनीति ५*: बालविवाह अन्त्यका लागि वडा स्तरीय बाल अधिकार समितिको सक्रियतामा पारिवारिक संरक्षण तथा सकारात्मक अभिभावकत्वलाई प्रवर्द्धन गर्ने।** | | | | | | | |
| ५.१ | बाल बिवाह विरूद्ध सबै वडामा सकारात्मक अभिभावकीय शिक्षा (Positive Parenting Education) सञ्चालन गर्ने, | • वडा समिति | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • गै.स.स.हरूको सहयोगमा समुदायमा सकारात्मक अभिभावकत्वसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन भएको हुने, | • सकारात्मक अभिभावकत्वसम्बन्धी प्रशिक्षण पुस्तिका<br>• प्रशिक्षणबाट | • प्रति वडा प्रति वर्ष रू २ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | लाभान्वीत अभिावकहरूको संख्या | |
| ५.२ | बाल बिवाहलाई निरूत्साहित गर्न विशेष पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध प्रवद्र्धन निर्देशिका वनाई लागू गर्ने, | • न.पा. | | १ वर्ष | • गै.स.स.हरूको सहयोगमा पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध प्रवर्द्धन निर्देशिका निर्माण भई लागू भएको हुने,<br>• निर्देशिकाबारे अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको हुने, | • वितरित निर्देशिकाको संख्या,<br>• अभिमूखीकरण कार्यमको सहभागी संख्या, | प्रति वडा प्रति वर्ष रू १ लाख |
| ५.३ | बाल-विवाहको जोखिममा रहेका परिवारहरूमा महिला स्वास्थ्य स्वयंसेविकाहरू, सामाजिक परिचालकहरू र परामर्शदाताहरू परिचालन गरी सल्लाह र परामर्श दिने, | | | निरन्तर | • समुदायमा तालिम प्राप्त सामाजिक परिचालक तथा मनोपरामर्शदाताहरू परिचालित भएको हुने,<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरूबाट समेत बाल-विवाह विरूद्ध निगरानी र परामर्श सेवा उपलव्ध भएको हुने, | • परिचालित सामाजिक परिचालक तथा मनोपरामर्शदाताहरू को संख्या<br>• भेटघाट गरिएको परिवार संख्या | प्रति वडा प्रति वर्ष रू १ लाख |
| **२. समुदायमा आधारित सम्बोधन सम्बन्धी रणनीतिक कार्यक्रमहरू** | | | | | | | |
| ***बाल-विवाह अन्त्यका लागि सबै वडाहरूमा वयस्क, युवा, शिक्षक, धर्मगुरू/पुरेत, राजनीतिक दल, नागरिक समाज र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने।*** | | | | | | | |
| ६.१ | धर्मगुरूहरूको सञ्जाल मार्पmत बाल-विवाह निषेध सम्बन्धी कानूनी शिक्षा, बाल-विवाहबाट पर्ने नकारात्मक | • न.पा. | • नेपाल वार जिल्ला इकाई | निरन्तर | • धर्मगुरूहरूका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन भएको हुने, | • प्रशिक्षण कार्यक्रममा सहभागी धर्मगुरूहरूको संख्या, | प्रति वर्ष २ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सामाजिक आर्थिक प्रभाव र स्वास्थ्य प्रतिकूलता बारे धर्मगुरूहरूलाई प्रशिक्षण दिने, | | • अन्तर धार्मिक सञ्जाल | | | | |
| ६.२ | अन्तर धार्मिक सञ्जाल तथा विभिन्न धर्म सम्प्रदायका धर्मगुरूहरू (महिला पुरूष) ज्योतिष, धामी झाँक्रीहरूसँग बाल बिवाह, दाइजो र धर्ममा बिवाह सम्बन्धी मान्यता जस्ता बिषयमा सम्बाद गरी पैरवी गर्ने गराउने, | | • गै.स.स.<br>• विकास साझेदारहरू | | • धर्म विशेषको जानकारी सहितको पैरवीपत्र तयार भएको हुने,<br>• धर्मगुरूहरूबाट असल अभ्यासबारे समुदायमा प्रवचन सम्पन्न भएको हुने, | • पैरवी पत्र,<br>• संवादको संख्या। | |
| ६.३ | बाल-विवाह, दाइजो जस्ता हानिकारक परम्पराहरू र लैङ्गिक विभेद हटाउन उदाहरणीय योगदान पु¥याउने धर्मगुरूहरूलाई नागरिक अभिनन्दन र सम्मान गर्ने, | | | | • बाल-विवाह रोक्न उदाहरणीय योगदान पु¥याउने धर्म गुरूहरूले सम्मान प्राप्त गरेको हुने, | • प्रशंसापत्र र पुरस्कार प्राप्त गर्ने धर्म गुरूहरूको संख्या,<br>• मिडिया रिपोर्टिङ्ग | |
| ६.४ | समुदाय स्तरमा बाल-विवाह रोकथाममा अगुवा भूमिका खेलेका बालबालिकाहरूको पहिचान गरी समुदायका विभिन्न सञ्जालहरूमा सहभागी गराउने, | | • गै.स.स.<br>• विकास साझेदारहरू | | • समुदायमा बाल-विवाह रोक्न अगुवा भूमिका खेलेका बाल*बालिका* हरूको पहिचान भएको हुने,<br>• समुदायमा बाल-विवाहको दर न्यून भएको हुने, | • पहिचान भएका Champion पुरूष तथा बालकहरूको संख्या<br>• सञ्जालमा सहभागी भएका पुरूष तथा बालकहरूको संख्या | प्रति वर्ष १ लाख |
| ६.५ | बाल-विवाह रोकथाममा सफल भूमिका खेलेका पुरूष तथा महिलाहरूलाई सार्वजनिक समारोहहरूमा सम्मान गर्ने, | | | | • बाल-विवाह रोकथाममा सक्रिय भूमिका खेलेका अगुवा पुरूष तथा महिलाहरू सम्मानित भएको हुने, | • प्रशंसापत्र र पुरस्कार पाएको Champion पुरूष तथा महिलाहरूको संख्या | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.६ | निजी क्षेत्रका उद्योग, व्यवसाय, कम्पनी तथा कलकारखानाहरूको तर्फबाट व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत सेवाप्रदायक निकाय वा संस्थाहरू संगको साझेदारिता कार्यक्रम अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गर्न समन्वय गर्ने :<br>(क) बाल-विवाह निषेध सम्बन्धी आचार संहिता,<br>(ख) कार्यस्थलमा हुने यौन दूव्यहार नियन्त्रण सम्बन्धी नीति तथा आचार संहिता,<br>(ग) बाल-विवाह र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी प्रशिक्षण,<br>(घ) बालश्रम निषेध कार्यविधि तयार गरी लागु गर्ने ।<br>(ङ) सूचनाको हक, योगदानमा आधारित सामाजिक सुरक्षा आदि बारे कानूनी प्रावधानहरू सहितको प्रशिक्षण, मापदण्ड निर्माण, कार्यान्वयन स्थिति बारे अनुगमन, | | • निजी क्षेत्र<br>• व्यवसायिक संघ संस्थाहरू<br>• गै.स.स.<br>• विकास साझेदारहरू | | • सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको साझेदारितामा अभिवृद्धि भएको हुने,<br>• निजी क्षेत्रका लागि बाल-विवाह नियन्त्रण, यौन दुर्व्यवहार नियन्त्रण लगायतका आचारसंहिता र मापदण्डहरू निर्माण भएको हुने,<br>• बालश्रम बिरुद्धको अभियान संचालन भएको हुने<br>• योगदानमा आधारित सामाजिक सुरक्षा, सूचनाको हक लगायतको विषयमा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन भएको हुने, | • निजी क्षेत्रको नीति तथा आचार संहिता, मापदण्डहरू<br>• प्रशिक्षण कार्यक्रम र सहभागि संख्या<br>• अनुगमन प्रतिवेदन<br>• बालश्रममुक्त व्यवसायहरुको विवरण | रू १० लाख |
| ***रणनीति ७: वडाहरूमा बालअधिकार समिति तथा समुदायमा आधारित निगरानी प्रणालीको सुदृढीकरण गरी टोल विकास संस्थालगायत समुदायमा आधारित संस्थाहरूमार्फत जोखिम समुदायमा पारिवारिक भेटघाट र परामर्शलाई व्यापकता दिने।*** | | | | | | | |
| ७.१ | कानून कार्यान्वयन निकाय विशेष गरी | • न.पा. | • जि.प्र.का, | निरन्तर | • प्रहरी कार्यालयको सहयोग र | • समन्वय वैठक निर्णय | प्रति वैठक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रहरी कार्यालयको समन्वयमा बाल बिवाहबारे अग्रीम सूचना संकलन प्रणालीको विकास गर्ने, | • वडा | इलाका प्रहरी कार्यालय | | समन्वयमा नगरपालिका क्षेत्रमा बाल-विवाहबारे अग्रीम सूचना प्राप्त भएको हुने, | • सूचना संकलन अभिलेख | १० हजार |
| ७.२ | बाल बिवाहबारे सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गर्ने, गोपनियताको सुनिश्चितता गर्ने | | चन्द्रनिग हापु तथा मातहतका प्रहरी कार्यालय | निरन्तर | • बाल-विवाहबारे सूचना दिने व्यक्तिलाई पुरस्कृत गर्ने पद्धतिको विकास भएको हुने, | • बाल-विवाह हुन लागेको बारे सूचनाको संख्या<br>• पुरस्कार पाउनेको संख्या | प्रति व्यक्ति २ हजार |
| ७.३ | बाल बिवाहको बारेमा सूचना दिने व्यक्ति तथा समुदायको गोपनीयताको अधिकार सुनिश्चित गरी प्रहरी तथा अन्य सरोकारवाला संघ संस्थाहरूसँग सहकार्य गर्ने, | | हरु<br>• समुदायमा आधरित संघ संस्थाहरू<br>• गै.स.स<br>• विकास साझेदारहरू | | • बाल-विवाहबारे सूचना दिने व्यक्तिको गोपनियता र सुरक्षा सुनिश्चित गरिएको हुने, | • समन्वय वैठक संख्या<br>• गोपनीयताको अधिकार बारे प्रशिक्षण र सहभागी संख्या | प्रति कार्यक्रम १ लाख |
| ७.४ | सबै वडाका सबै समुदायमा बाल बिवाह विरूद्ध नेपाल प्रहरीको अग्रसरतामा समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समुदाय निगरानी प्रणाली स्थापना गर्ने, | • वडा समिति<br>• प्रहरी कार्यालय | • न.पा.<br>• गै.स.स<br>• विकास साझेदारहरू | निरन्तर | • प्रहरी कार्यालयको नेतृत्वमा महिला अधिकार रक्षक समूह, महिला निग्रानी समूह, बलक्लब÷सञ्जाल, युवा क्लब, किशोर किशोरी समूहका प्रतिनिधि सम्मिलित समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी रूपमा परिचालन भएको हुने, | • भेटघाट गरिएको परिवारको संख्या<br>• बैठक निर्णय<br>• अग्रीम हस्तक्षेप गरिएको बाल-विवाहका घटनाको संख्या | प्रति समुदाय १ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | • समुदायमा समुदाय निगरानी प्रणालीको माध्यमबाट बाल-विवाहका घटनाहरूमा अग्रीम हस्तक्षेप भएको हुने, | | |
| ७.५ | समुदाय–प्रहरी साझेदारी कार्यक्रम मार्फत बाल-विवाहलाई रोकथाम, निषेध र प्रतिवन्ध लगाउन समुदायमा Rapid Response Team परिचालन गर्ने, | | | | • समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सबै समुदायमा निगरानी राख्न र तत्कालै कारबाही गर्न Rapid Response Team गठन भएको हुने,<br>• बाल-विवाह विरूद्ध अग्रीम चेतावनी दिने पद्धति (Warning System) को विकास भएको हुने, | • गठन भएका Rapid Response Team को संख्या,<br>• परिवार भेटघाट र परामर्शको संख्या,<br>• रोकथाम गरिएको बाल-विवाहको संख्या। | |
| ७.६ | बाल-विवाह रोक्न सफल भएका Rapid Response Team लाई विभिन्न अवसरमा सम्मान गर्ने, | • न.पा. | • गै.स.स.<br>• विकास साझेदारहरू | | • बाल-विवाह रोक्न सफल Rapid Response Team लाई पुरस्कृत गरिएको हुने, | • पुरस्कृत भएको Rapid Response Team को संख्या | प्रति घटना ५ हजार |
| | सबै टोल र समुदायमा बाल-विवाह तथा हानिकारक परम्परा विरूद्ध समुदायमा अधारित संस्थालाई निगरानी तथा खवदारी गर्ने संयन्त्रको रुपमा प्रभावकारी बनाउने र सहकारी संस्था, आमा समूह, महिला निगरानी समूह, बालक्लब, युवा क्लब र किशोरी समूह समेतलाई पारिचालनलाई व्यापकता दिने, | • वडा समिति | • न.पा.<br>• प्रहरी<br>• गै.स.स.<br>• समुदायमा आधारित संस्था<br>• विकास साझेदारहरू | | • सबै वडाहरूमा समुदायमा अधारित संस्थाहरूको सहयोगमा बाल-विवाहविरूद्ध निगरानी प्रणालीको विकास भई बाल-विवाहको घटना उल्लेख्य मात्रामा कम, आएको हुने, | • रोकथाम गरिएको बाल-विवाहको संख्या, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३. कानूनी कारवाहीसम्बन्धी रणनीतिक कार्यक्रमहरू** | | | | | | | |
| ***रणनीति ८: बाल-विवाह विरूद्ध सरल र प्रभावकारी उजुरी संयन्त्रको व्यवस्थापन गर्ने।*** | | | | | | | |
| ८.१ | नगरपालिकाको न्यायिक समिति , वडाकार्यालय, विध्यालय र प्रहरी कार्यालयमा बाल-विवाहविरूद्ध सरल र प्रभावकारी उजुरी संयन्त्र निर्माण गर्ने, | • न.पा.<br>• वडा कार्यालय ,<br>• विध्यालय<br>• प्रहरी कार्यालय | • गै.स.स.<br>• विकास साझेदारहरू<br>• वडास्तरी य समितिहरु | निरन्तर | • बाल-विवाह विरूद्धको उजुरी दर्ताका लागि न्यायिक समिति वडाकार्यालय, विध्यालय र प्रहरी कार्यालयमा सरल पद्धतिको विकास भएको हुने, | • उजुरी संख्या,<br>• मिडिया रिपोर्टिङ्ग | |
| ८.२ | बाल-विवाह बारे उजुरी र गुनासो सुन्न न.पा. अन्तर्गत टेलिफोन हटलाइनको व्यवस्था गर्ने, | | | | • न.पा र वडा समितिहरूमा बाल-विवाहबारे सूचना दिन हट लाइनको व्यवस्था भएको हुने, | • हट लाइन<br>• उजुरी संख्या | |
| ८.३ | प्रहरी कार्यालयको समन्वयमा बाल-विवाहबिरूद्धको कारबाहीलाई स्वतःस्फूर्त बनाउने, | | | | • बाल-विवाहका घटनाहरूमा स्वतस्फुतरूपमा प्रहरी परिचालन भएको हुने, | • बाल-विवाह विरूद्धको कारबाहीको संख्या,<br>• अदालतमा दर्ता भएको मुद्दाको संख्या, | |
| ***रणनीति ९ : बाल-विवाह अन्त्यसम्बन्धी नीति कानूनको कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने।*** | | | | | | | |
| ९.१ | बाल-विवाह निषेधसम्बन्धी राष्ट्रिय कानून, नीति, कार्ययोजना दिगो विकास लक्ष्य र CEDAW Committee को सुझावबारे नगरपालिका क्षेत्रभित्रका सबै सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने। | • न.पा. | • गै.स.स.<br>• विकास साझेदारह रू | निरन्तर | • बाल-विवाह निषेधसम्बन्धी राष्ट्रिय कानून, नीति, कार्ययोजना दिगो विकास लक्ष्य र CEDAW Committee को सुझावहरूको संगालो तयार | • प्रकाशित दस्तावेजको संगालो,<br>• अभिमुखीकरण कार्यक्रमको सहभागी संख्या | प्रति कार्यक्रम १ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | भएको हुने,<br>• उपरोक्त अनुसारका दस्तावेजहरूको संगालोमा उल्लेख भएका बुँदाहरूबारे सरोकारवालाहरू सबैलाई जानकारी प्राप्त भएको हुने, | | |
| ९.२ | बाल-विवाह अन्त्यसम्बन्धी नीति कानून कार्यान्वयनबारे सरल भाषामा कार्यविधि निर्माण गरी , जनप्रतिनिधि, न्यायिक समिति , बालअधिकार समितिका पदाधिकारीहरु र प्रहरी लगायत कानून कार्यान्वयन गर्ने निकायका कर्मचारीहरूलाई प्रशिक्षण दिने | | • कानून कार्यान्वयनका निकाय<br>• गै.स.स.<br>• विकास साझेदारहरू | | • नीति कानून कार्यान्वयनका लागि कार्यविधि निर्माण भएको हुने,<br>• कार्यविधिबारे कानून कार्यान्वयनका निकायहरूले प्रशिक्षण प्राप्त गरेको हुने, | • कार्यविधि,<br>• प्रशिक्षित पदाधिकारीहरु ,कर्मचारीहरूको संख्या। | प्रति कार्यक्रम १ लाख |
| **४. संरक्षणसम्बन्धी रणनीतिक कार्यक्रमहरू** | | | | | | | |
| ***रणनीति १० : नगरपालिका क्षेत्रमा बाल-विवाहबाट प्रभावित एवं बाल-विवाहको जोखिममा रहेका बालबालिकाहरूको संरक्षण गर्ने।*** | | | | | | | |
| १०.१ | बाल-विवाहका प्रभावितहरू लक्षित संरक्षण गृह/सुधार गृह बारे मापदण्ड बनाउने, | • *न.पा.* | • विषयगत कार्यालयहरू<br>• कानून कार्यान्वयनका निकायहरू<br>• गै.स.स.<br>• विकास साझेदारहरू | ६ महिना | • संरक्षण गृह/सुधार गृहका लागि मापदण्ड निर्माण भएको हुने, | • वदरभागी बाल-विवाहका प्रभावितहरूलाई संरक्षण र सुधार गर्ने सम्बन्धी मापदण्ड | १ लाख |
| १०.२ | वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने अभिभावकको करकापमा विवाह भएका परिवारबाट उद्धार गर्नुपर्ने बालिकालाई संरक्षण दिन आवश्यकता अनुसार बाल संरक्षण गृहमा प्रेषण गर्ने, | | | निरन्तर | • बाल-विवाहका पीडित/प्रभावितहरूको उद्धार भई संरक्षण गृहमा प्रेषण गरिएको हुने, | • परिवारबाट उद्धार गरीएका र बाल संरक्षण गृहमा प्रेषण गरीएका बालिकाको संख्या | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०.३ | आफू खुशी विवाह गर्ने वदरभागी बालविवाहका बालबालिकाहरूलाई अदालतबाट ठहर भए अनुसार बाल सुधार गृहमा प्रेषण गर्ने, | • कानून कार्यान्वयनका निकाय | • न.पा.<br>• गै.स.स. | निरन्तर | • वदरभागी बालविवाहमा संलग्न बालबालिकाहरू बाल सुधार गृहमा प्रेषण भएको हुने, | • बाल सुधार गृहमा प्रेषण गरिएका बालबालिकाको संख्या | |
| १०.४ | बाल-विवाहका प्रभावित बालिकाहरूलाई लक्षित गरी आवश्यकता अनुसार देहायका सेवा सुविधाहरू प्रदान गर्ने बारे मापदण्ड बनाउने,<br>*क) कानूनी सहायता*<br>*ख) मनोविमर्श*<br>*ग) स्वास्थ्य हेरचाह*<br>*घ) औपचारिक/अनौपचारिक शिक्षा*<br>*ङ) सीप विकास तालिम*<br>*च) लघु ऋण*<br>*छ) बीउ पूँजी*<br>*ज) स्वरोजगार÷व्यवसाय सम्बन्धी उत्प्रेरणा, व्यवसाय÷उद्यमशीलता, वित्तिय व्यवस्थापन तालिम आदि,* | • न.पा. | • विषयगत कार्यालयहरू<br>• कानून कार्यान्वयनका निकायहरू<br>• गै.स.स.<br>• विकास साझेदारहरू | ६ *महिना* | • प्रभावित बालिकाहरूलाई लक्षित गरी प्रदान गरिने सेवा सुविधाहरूबारे मापदण्ड तयार भएको हुने,<br>• प्रवाह भएका सेवा सुविधाबाट प्रभावितहरू लाभान्वीत भएको हुने, | • मापदण्ड प्रकाशन,<br>• सेवा सहायता प्राप्त गर्ने प्रभावित बालबालिकाको संख्या, | २ लाख |
| १०.५ | न्यायिक समिति, प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र, सेवा केन्द्र, पुनस्र्थापना केन्द्र, एकद्वार संकट व्यवस्थापन केन्द्र, सरकारी विद्यालय तथा महाविद्यालयहरूमा परामर्शदाताको ब्यवस्था गर्ने, | • न.पा. | • कानून कार्यान्वयका निकायहरू<br>• गै.स.स.<br>• विकास साझेदारहरू | ६ महिना | • सेवा प्रवाह गर्ने निकाय तथा संस्थाहरूमा परामर्शदाताको व्यवस्था भएको हुने, | • परामर्शदाता व्यवस्था गर्ने निर्णय<br>• परामर्शदाता चयन गर्ने निर्णय<br>• समाबेशी सिद्धान्तका आधारमा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | परामर्शदाताहरूको चयन तथा प्रशिक्षण<br>• परामर्शदाताहरूको आवधिक प्रतिवेदन | |
| **५. सहकार्य/साझेदारीता तथा अनुगमन/मूलयाङ्कनसम्बन्धी रणनीतिक कार्यक्रमहरू** | | | | | | | |
| ***रणनीति ११: नगरपालिका क्षेत्रमा कार्यरत सबै सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीतामा बाल-विवाहविरूद्धको ऐक्यवद्धतालाई प्रोत्साहन गर्ने।*** | | | | | | | |
| ११.१ | बाल-विवाहको रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन गर्न, बाल-विवाहबाट पीडित प्रभावितका लागि हेरचाह तथा संरक्षण सहायता प्रदान गर्न र बाल-विवाहविरूद्ध कानूनी कारवाहीलाई सशक्त बनाउन प्रदेश तथा जिल्लास्तरीय सरोकारवाला निकाय तथा संस्थाहरूसंगको समन्वय, सहयोग र साझेदारितालाई प्रवद्र्धन गर्ने, | • न.पा. | • सरोकारवाला निकाय<br>• गै.स.स.<br>• विकास साझेदारहरू | निरन्तर | • बाल-विवाह विरूद्ध सरोकारवालाहरूको ऐक्यवद्धता सहित समन्वय र सहकार्य प्रवद्र्धन भएको हुने, | • समन्वय वैठक निर्णय<br>• परिपत्र<br>• मिडिया रिपोर्टिङ्ग | |
| ११.२ | न.पा., वडा समिति, जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल-विवाह नियन्त्रणका सिलसिलामा लैङ्गिक उत्तरदायी तथा समावेशी शासन प्रवद्र्धनका लागि स्थानीय तहको नेतृत्व क्षमता अभिबृद्धिका लागि अभिमुखीकरण तथा पुनरताजगी तालिम दिने, | | | | • स्थानीय तहको नेतृत्व तहमा बाल-विवाह नियन्त्रण, लैङ्गिक उत्तरदायी तथा समावेशी शासनबारे अभिमुखीकरण तथा पुनरताजगी तालिम सञ्चालन भएको हुने, | • प्रशिक्षण कार्यक्रम प्रतिवेदन<br>• सहभागी संख्या | प्रति तालिम रू १ लाख |
| ***रणनीति १२ : बाल-विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन सबै वडाहरूमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।*** | | | | | | | |
| १२.१ | न.पा.को न्यायिक समिति अन्तर्गत | • न.पा. | • जि.प्रशा.का. | ६ महिना | • बाल-विवाह अन्त्यसम्बन्धी | • अनुगमन तथा | प्रतिवर्ष १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयईलाका प्रशासन कार्यालय,ईलाका प्रहरी कार्यालयहरु सरकारी वकील कार्यालय, गै.स.स.हरू र निजी क्षेत्रबाट प्रतिनित्व हुने गरी बढीमा ११ जनाको अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन गर्ने, | • वडा कार्यालयहरू | • जि.प्र.का.<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | | रणनीतिक कार्ययोजनामा तोकिएका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि कार्यदल गठन भएको हुने, | मूल्याङ्कन कार्यदल गठन सम्बन्धी निर्णय<br>• अनुगमन तथा मूल्याङ्कन कार्यदलको वैठक संख्या | लाख |
| १२.२ | बाल-विवाह उन्मूलन सम्बन्धी कार्ययोजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण गर्ने, | | | | • अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण भएको हुने, | • कार्यविधि<br>• मापदण्ड<br>• अनुगमन प्रतिवेद | |
| १२.३ | न्यायिक समिति र अनुगमन तथा मूल्याङ्कन कार्यदललाई निरन्तर प्राविधिक टेवा पुर्याउन सक्ने गरी दक्ष जनशक्ति, आर्थिक श्रोत तथा प्रविधि सहित महिला तथा बालबालिका शाखा र अनुगमन शाखाको क्षमता अभिबृद्धि गर्ने, | | | | • न.पा.अन्तर्गत हित महिला तथा बालबालिका शाखा र अनुगमन शाखाको क्षमता अभिबृद्धि भएको हुने, | • तालिम प्राप्त जनशक्तिको संख्या | |
| १२.४ | न.पा. र वडा समिति लगायत अन्य सरोकारवालाहरूलाई अनुगमनका सूचक सहितको Logical Framework बनाई प्रशिक्षण दिने, | | | | • अनुगमन सूचक सहितको Logical Framework{ तयार भएको हुने, | | |
| १२.५ | परामर्शकर्ताहरूका लागि सामाजिक तथा पारिवारिक संरक्षण सम्बन्धी घरदैलो अनुगमन निर्देशिका तयार पारी | | | | • सामाजिक तथा पारिवारिक संरक्षण सम्बन्धी घरदैलो अनुगमन निर्देशिका तयार | • निर्देशिकाको ढाँचा,<br>• प्रशिक्षार्थीको संख्या, | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रशिक्षण दिने, | | | | भएको हुने,<br>• सो निर्देशिका बारे प्रशिक्षण सञ्चालन भएको हुने, | | |
| १२.७ | बाल-विवाह उन्मूलन अभियानमा संलग्न सबै सरोकारवालाहरू र सहयोगीहरूलाई एकरूपता कायम हुने गरी एउटै Template मा प्रतिवेदन गर्ने ढाँचा निर्माण गरी प्रशिक्षण दिने, | | | | • प्रतिवेदनका लागि एकरूपता कायम हुने गरी तझउबितभ निर्माण भएको हुने, | • प्रशिक्षण कार्यक्रम र सहभागी संख्या<br>• अनुगमन प्रतिवेदन | |
| १२.८ | लैङ्गिक खण्डीकृत तथ्याङ्कं प्रणालीको विकासका लागि महिला तथा बालबालिका शाखामा जनशक्ति व्यवस्थापन गरी प्रशिक्षण दिने, | | | | • खण्डीकृत तथ्याङ्क सम्बन्धी सफ्टवेयर निर्माण भएको हुने, | • प्रशिक्षण कार्यक्रम<br>• सहभागी संख्या | |
| १२.९ | सरकारी, गैरसरकारी र निजी क्षेत्रका सरोकारवालाहरूलाई खण्डीकृत तथ्याङ्कं प्रणालीका आधारमा प्रतिवेदन तयार पार्न लगाई महिला तथा बालबालिका शाखामा एकीकृत गर्ने, | | | | | • परिपत्र<br>• सरोकारवालाहरूको प्रतिवेदन | |
| १२.१० | बाल-विवाह अन्त्यसम्बन्धी कार्ययोजना र कार्यक्रम बारे आवश्यकताअनुसार विज्ञहरूलाई समेत संलग्न गराई आवधिक रूपमा मूल्याङ्कन गर्ने, | | | • प्रत्येक ३ वर्ष | • विज्ञहरू सम्मिलित कार्यदलले रणनीतिक कार्ययोजनाको प्रभावकारिता र प्रतिफल बारे मूल्याङ्कन गरिएको हुने, | • मूल्याङ्कन कार्यदलको कार्यविवरण<br>• मूल्याङ्कन प्रतिवेदन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२.११ | अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाहरू र असल अभ्यासहरूलाई संचार माध्यम, वेभसाइट, पुस्तिका प्रकाशन आदि मार्पmत सार्वजनिक गर्ने, | | | निरन्तर | • अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाहरू सार्वजनिक भएको हुने, | • मिडिया रिपोर्टिङ्ग<br>• वेभसाइट जानकारी<br>• पुस्तिका प्रकाशन | |

*अनुसूची १*

***- बाल-विवाह अन्त्यका लागि रणनीतिक योजना निर्माणका लागि सुझाव संकलन क्रममा चन्द्रपुर नगरपालिकामा अन्तरक्रिया कार्यक्रम मा उपस्थित भएका महानुभावहरूको नामावली***

**मिति २०८०/०९/१२ गते**

| क्र सं. | नाम | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हरिलाल पुरी | प्रमुख प्रशासकीय अधिकृत, | चन्द्रपुर नगरपालिका | |
| २ | श्री टंकेश्वर चौधरी | वडा अध्यक्ष | १० न. वडा कार्यालय | |
| ३ | श्री सहदेव के.सी | वडा अध्यक्ष | ६ न. वडा अध्यक्ष | |
| ४ | श्री बोधनाथ देवकोटा | वडा अध्यक्ष | ३ न. वडा अध्यक्ष | |
| ५ | श्री जितेन्द्र कुमार चौधरी | वडा अध्यक्ष | ८ न. वडा कार्यालय | |
| ६ | श्री बलराम राउत | वडा अध्यक्ष | १ न. वडा कार्यालय | |
| ७ | श्री राम पुकार साह | का.भा.वडा अध्यक्ष | ९ न वडा कार्यालय | |
| ८ | श्री बविता सहनी | कार्यपालिका सदस्य | चन्द्रपुर नगरपालिका | |
| ९ | श्री सञ्जिव माझी कुश्वार | वडा सदस्य | २ न. वडा कार्यालय | |
| १० | श्री अवधेशहरि भट्टराई | समाजसेवी | बाल अधिकार समिति सदस्य | |
| ११ | श्री दिलिप कोईराला | कानुनी सल्लाहकार | चन्द्रपुर नगरपालिका | |
| १२ | श्री संजय कार्की | स्टेशन मेनेजर | गुञ्जन एफ .एम | |
| १३ | श्री कामदेव खनाल | वाल संरक्षण अधिकृत | यूनिसेफ नेपाल | |
| १४ | श्री घनश्याम सुन्दर श्रेष्ठ | मनोपरामर्शविद | बाल अधिकार समिति सदस्य | |
| १५ | श्री अस्मिता न्यौपाने | स्यमंसेवक | चन्द्रपुर ३ | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १६ | श्री विष्णु माया वाईवा | स्यमंसेवक | चन्द्रपुर ३ | |
| १७ | श्री अजय गुरो | स्यमंसेवक | चन्द्रपुर ३ | |
| १८ | श्री बिना चौधरी | सम्पर्ग व्याक्ति | यस. ओ. डि. सि. सि. | |
| १९ | श्री कोपिलत तिमल्सिना | पि. सि. | छोरी संस्था | |
| २० | श्री निराजन कुमार चौधरी | स्यमंसेवक | चन्द्रपुर १० | |
| २१ | श्री भावना नेपाल | स्यमंसेवक | चन्द्रपुर १ | |
| २२ | श्री सन्जु खड्का | मनोविमर्श कर्ता | आर.डि.सि. नेपाल | |
| २३ | श्री शोभित दर्लामी | स्यमंसेवक | चन्द्रपुर १ | |
| २४ | श्री अजिता पौडेल | सहायक पाँचौ प्रशासन शाखा | चन्द्रपुर नगरपालिका | |
| २५ | श्री ईन्दिरा कुमारी कोईराला | स्यमंसेवक | चन्द्रपुर ८ | |
| २६ | श्री गणिता कुमारी चौधरी | स्यमंसेवक | चन्द्रपुर ८ | |
| २७ | श्री दिपा कुमारी क्षेत्री | स्यमंसेवक | चन्द्रपुर १ | |
| २८ | श्री गिता चौधरी | स्यमंसेवक | चन्द्रपुर १० | |
| २९ | श्री रिना कुमारी चौधरी | स्यमंसेवक | चन्द्रपुर ९ | |
| ३० | श्री पुनम राम | स्यमंसेवक | चन्द्रपुर १० | |
| ३१ | श्री रोहन कुमार चौधरी | स्यमंसेवक | चन्द्रपुर ८ | |
| ३२ | श्री रेखा कुमारी चौधरी | फिल्ड अफिसर | चन्द्रपुर ९ छोरी | |
| ३३ | श्री रुपेश सापकोटा | रोजगार शाखा | चन्द्रपुर नगरपालिका | |
| ३४ | श्री शोभिता कुमारी महरा | स्यमंसेवक | चन्द्रपुर ९ | |
| ३५ | श्री पञ्च माया वाईवा | स्यमंसेवक | चन्द्रपुर २ | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | श्री दिपेन्द्र कुमार मण्डल | शिक्षा शाखा प्रमुख | चन्द्रपुर नगरपालिका | |
| ३७ | श्री डोर कुमारी खत्री | स्यमंसेवक | चन्द्रपुर २ | |
| ३८ | श्री विक्रम चौधरी | पञ्जीकरण शाखा प्रमुख | चन्द्रपुर नगरपालिका | |
| ३९ | श्री मातृका प्रसाद चालिसे | स्वास्थ्य शाखा | चन्द्रपुर नगरपालिका | |
| ४० | श्री रवि राना मगर | वडा अध्यक्ष | ४ न. वडा कार्यालय | |
| ४१ | श्री चन्द्रकला वराल | महिला विकास निरिक्षक | चन्द्रपुर नगरपालिका | |
| ४२ | श्री सृजना तिमल्सिना | मनोपरामर्शकता | सामी कार्यक्रम चन्द्रपुर न.पा. | |
| ४३ | श्री अर्पणा देवकोटा | लेखापाल | चन्द्रपुर नगरपालिका | |
| ४४ | श्री जितेन्द्र चौधरी | कम्प्युटर अपरेटर | चन्द्रपुर नगरपालिका | |
| ४५ | श्री राजेश सागर | सुचना प्रविधि अधिकृत | चन्द्रपुर नगरपालिका | |
| ४६ | श्री अम्विका दहाल | स. ले.प. | चन्द्रपुर नगरपालिका | |
| ४७ | श्री ज्ञानेन्द्र काप्ले | कार्यालय सहयोगी | चन्द्रपुर नगरपालिका | |







